# रेडियो प्रसार सेवा विकास समिति

# (रेडियो नेपाल)

# ब्यापार निर्देशिका

२०७७

# विषय सूची


| | विषय | पेज नंबर |
|---|---|---|
| १. | संक्षिप्त नाम र प्रारम्भ | १ |
| २. | परिभाषा | १ |

परिच्छेद २

विज्ञापन प्रसारण सम्बन्धी व्यवस्था

| | | |
|---|---|---|
| ३. | विज्ञापन वा सूचना प्रसारणका लागि अयोग्य हुन सक्ने: | ४ |
| ४. | विज्ञापन प्रसारणका लागि आवश्यक कागजातहरु | ४ |
| ५. | विज्ञापन प्रसारण प्रक्रिया | ४ |

परिच्छेद ३

विज्ञापन एजेन्सी सम्बन्धी व्यवस्था

| | | |
|---|---|---|
| ६. | विज्ञापन एजेन्सी दर्ता प्रकृया | ६ |
| ७. | एजेन्सी कमिशन | ६ |
| ८. | अतिरिक्त कमिशन (बोनस) | ६ |
| ९. | विज्ञापन एजेन्सीको मान्यता समाप्त हुने | ७ |

परिच्छेद ४

भुक्तानी प्रक्रिया

| | | |
|---|---|---|
| १०. | शुल्क लाग्ने | ७ |
| ११. | अग्रिम भुक्तानी गर्नुपर्ने | ८ |
| १२. | उधारो सम्बन्धी व्यवस्था | ८ |

| | | |
|---|---|---|
| १३. | विज्ञापन एजेन्सीलाई उधारो दिन सकिने | ८ |
| १४. | बांकी बक्यौता चुक्ता हुनुपर्ने | ८ |
| १५. | मासिक दरमा बिलिङ गर्न सकिने | ८ |
| १६. | थप दस्तुर लाग्ने | ९ |
| १७. | बैक ग्यारेन्टी सम्बन्धमा | ९ |

परिच्छेद ५

कार्यक्रम उत्पादन एवम् प्रसारण सम्बन्धी व्यवस्था

| | | |
|---|---|---|
| १८. | "सूचना, समाचार तथा जनचेतनामूलक कार्यक्रम" उत्पादन एवम् प्रसारण | ९ |
| १९. | मनोरञ्जनात्मक कार्यक्रम उत्पादन एवम् प्रसारण | १० |

परिच्छेद ६

प्याकेज डिलिङ्गको व्यवस्था

| | | |
|---|---|---|
| २०. | विहान ७ बजे र बेलुका ७ बजेको समाचारको समय बिक्री | १० |
| २१. | विहान ९ बजे र बेलुका ९ बजेको समाचारको समय बिक्री | ११ |
| २२. | सबै समाचारको समय बिक्री | १२ |
| २३. | वर्गीकृत समय बिक्री | १२ |
| २४. | कारोबार रकमको आधारमा दिईने छुट सुविधा | १३ |

## परिच्छेद ७

## छुट, प्रोत्साहन तथा सहकार्य सम्बन्धी व्यवस्था


| | | |
|---|---|---|
| २५. | प्रसारण शुल्कमा छुट दिन र सहकार्य गर्न सकिने: | १४ |
| २६. | थप प्रसारण, पुन प्रसारण वा नि:शुल्क प्रसारण गर्न सकिने | १५ |
| २७. | प्रोत्साहन सम्बन्धी व्यवस्था | १६ |
| २८. | कार्यक्रम उत्पादन कार्यमा संलग्न जनशक्तिलाई प्रोत्साहन | १७ |
| २९. | एकमूष्ठ रकम लिन सकिने | १७ |


## परिच्छेद ८
## विविध


| | | |
|---|---|---|
| ३०. | सम्झौता र प्रसारण समय विभाजन गर्न सकिने | १७ |
| ३१. | बोलपत्र गरी समय वा कार्यक्रम विक्रि गर्न सकिने | १८ |
| ३२. | समितिको उधारो नियन्त्रण | १८ |
| ३३. | अनसुचि, फाराम एवं प्रमाणपत्र सम्बन्धी व्यवस्था | १८ |
| ३४. | कार्यकारी निर्देशकले स्वविवेकीय अधिकार प्रयोग गर्न सक्ने | १८ |
| ३५. | सञ्चालक समितिमा अधिकार रहने | १८ |
| ३६. | खारेजी र बचाउ | १८ |
| ३७. | अनुसूचि | १९ |
| ३८. | अनुसूची (१) विज्ञापन/ कार्यक्रम प्रसारण दररेट | २० |
| ३९. | अनुसूची (२) उत्पादनशुल्क र अन्य शुल्कहरू | २२ |
| | १ सुचना, समाचारमुलक तथा जनचेतनामुलक कार्यक्रम, विशेष कार्यक्रम र परिसम्वाद कार्यक्रम उत्पादन शूल्क | २२ |

| | | | |
|---|---|---|---|
| | २. | मनोरञ्जनात्मक कार्यक्रम उत्पादन शुल्क | २२ |
| | ३. | विज्ञापन उत्पादन शुल्क | २२ |
| | ४. | स्डुडियो शुल्कः (केन्द्रीय वा प्रादेशिक) | २२ |
| | ५. | ओ. वि. भ्यान तथा पी. ए. सिस्टम जडान शुल्क | २२ |
| | ६. | प्रत्यक्ष प्रसारण शुल्क | २२ |
| | ७. | शुभकामना विज्ञापन प्रसारण शुल्क | २३ |
| | ८. | मानिस हराएको सूचना | २३ |
| | ९. | सन्देश प्रसारण शुल्क | २३ |
| ४०. | अनुसूचि (३) डिजिटल प्लेटफर्म/अनलाइन सम्बन्धी दररेट | | २४ |
| ४१. | अनुसूची (४) विज्ञापन एजेन्सी दर्ता प्रमाणपत्र | | २५ |
| ४२. | अनुसूचि (५) विज्ञापन प्रसारण प्रमाणपत्र | | २६ |
| ४३. | अनुसूचि (६) कार्यक्रम प्रसारण प्रमाणपत्र | | २७ |

# रेडियो प्रसार सेवा विकास समिति
# (रेडियो नेपाल)
# व्यापार निर्देशिका २०७७

## परिच्छेद १

प्रस्तावना:

राष्ट्रिय प्रसारण संस्थाको हैसियतमा ज्ञान, विज्ञान, कला, साहित्य, सङ्गीत, संस्कृति, तथा सबै राष्ट्रभाषाहरूको संरक्षण र सम्बर्द्धनका साथै मानव रुचीका विविध राष्ट्रिय तथा अन्तराष्ट्रिय विषयमा जानकारीमूलक सामग्री उत्पादन एवं प्रसारण गर्ने क्रममा रेडियो नेपालले समाचारमूलक, शिक्षामूलक, मनोरञ्जनात्मक, चेतनामूलक एवं जानकारीमूलक कार्यक्रम तथा अन्य प्रसारण सामग्रीको प्रायोजन, विज्ञापन सन्देश प्रसारण, आफ्नो प्रसारण समयको विक्रि, डिजिटल प्लाटफर्म तथा समितिको स्वामित्वका अन्य सेवा प्रवाह गरी समितिको आयआर्जनको कार्य व्यवस्थित रुपमा संचालन गर्नका लागि रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) को आर्थिक नियमावली, २०४९ को परिच्छेद ६ को नियम ६.११ ले दिएको अधिकार प्रयोग गरी रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल), व्यापार निर्देशिका २०७७ लागु गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो निर्देशिकाको नाम रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल), व्यापार निर्देशिका २०७७ रहेको छ ।

(ख) यो निर्देशिका रेडियो नेपालमा विज्ञापन वा कार्यक्रम प्रायोजन, प्राविधिक सेवा (यन्त्र, उपकरण वा स्टुडियो आदि भाडामा दिने कार्य), डिजिटल प्लाटफर्म मार्फत गरिने सम्झौता, कार्यक्रम उत्पादन, प्रसारण, समय भाडामा लिई व्यापारिक कारोबार गर्ने सरकारी, गैरसरकारी तथा निजी संघसंस्था फर्म, कम्पनी, विज्ञापन एजेन्सी वा व्यक्तिहरूसंगको कारोबारमा लागु हुनेछ ।

२. **परिभाषा :**

विषय वा प्रसङगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा:

(क) **"रेडियो नेपाल"** भन्नाले रेडियो प्रसार सेवा विकास समितिलाई सम्झनुपर्छ ।

(ख) **"समिति"** भन्नाले रेडियो प्रसार सेवा विकास समितिलाई सम्झनुपर्छ ।

(ग) **"व्यवस्थापन"** भन्नाले कार्यकारी निर्देशक सहित समितिको निर्णय प्रकृयामा सहभागी पदाधिकारीहरू लाई सम्झनुपर्छ ।

(घ) **"विज्ञापनदाता"**भन्नाले विज्ञापन एजेन्सी लगायत रेडियो नेपालसंग कारोबार गर्ने सरकारी, गैर सरकारी तथा निजी संघसंस्था, फर्म, कम्पनी वा व्यक्तिलाई सम्झनुपर्छ ।

(ङ) **"विज्ञापन एजेन्सी"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायमा विधिवत दर्ता भई रेडियो नेपालमा कारोबार गर्न दर्ता भएका विज्ञापन सेवा सम्बन्धी कारोबार गर्ने संस्था/एजेन्सीलाई सम्झनुपर्छ ।

(च) **"विज्ञापन अर्डर"**भन्नाले विज्ञापन एजेन्सी तथा विज्ञापनदाताबाट प्राप्त हुन आएका विज्ञापन/कार्यक्रम प्रसारण सम्बन्धी अनुरोध पत्रलाई सम्झनुपर्छ ।

(छ) **"बैंक ग्यारेन्टी"** भन्नाले रेडियो नेपालसंग गरिने कारोबारको सिलसिलामा राखिने बैंक जमानत पत्रलाई सम्झनुपर्छ ।

(ज) **"धरौटी"**भन्नाले कुनै काम टुङ्गो नलागेसम्म सुरक्षण वापत राखिएको रकमलाई सम्झनुपर्छ ।

(झ) **"समय बिक्री"**भन्नाले रेडियो नेपालको नीति नियम, बमोजिम तथा विशेष प्रस्ताव मार्फत रेडियो नेपालको प्रसारण समयविक्रि गर्ने कार्यलाई सम्झनुपर्छ ।

(ञ) **"बोलपत्र"** भन्नाले, कुनै समाचार तथा कार्यक्रमको प्रायोजन, उत्पादन, बिक्रीका साथै विज्ञापन प्रसारण, प्रसारण समय बिक्रि, बस्तु तथा सेवा विनिमय, लगायत समितिको स्वामित्वको अन्य सेवा विक्री वा विनिमय गर्ने सम्बन्धमा कुनै इच्छुक व्यक्ति फर्म, कम्पनी वा संस्थाहरुलाई दररेट तथा आवश्यक अन्य विवरण सहित गरिने आव्हान पत्रलाई सम्झनुपर्छ ।

(ट) **"प्रायोजन"** भन्नाले व्यापारिक उद्देश्यले विज्ञापनदाताले आफ्नो सेवा वा वस्तुको प्रचार प्रसार गर्ने उद्देश्यले आफ्नो ब्राण्ड नाम, लोगो, विज्ञापन आदिलाई रेडियो नेपालको आफ्नै प्रसारणमा रहेका समाचार वा कार्यक्रम वा अन्य प्रसारण सामग्रीको अधि, पछि वा बीचमा नियमानुसार शुल्क तिरी समय उपयोग गर्ने कार्यलाई सम्झनुपर्छ ।

(ठ) **"प्रोमो"** भन्नाले रेडियो नेपालबाट प्रसारण हुने कार्यक्रमबारे जानकारी दिने उद्देश्यले प्रायोजकको नाम सहित उल्लेख गरी वा नगरी तयार गरिने कार्यक्रमको झलक सम्झनुपर्छ ।

(ड) **"समय भाडा/बिक्री"** भन्नाले विभिन्न सरकारी, गैरसरकारी तथा निजी संघसंस्था, फर्म, कम्पनी वा व्यक्तिसंग शुल्क लिई कार्यक्रम प्रसारण गर्नका लागि समय उपलब्ध गराउने कार्यलाई सम्झनुपर्छ ।

(ढ) **"विज्ञापन क्यूसिट"** भन्नाले रेडियो नेपालमा प्रसारणका लागि प्राप्त भएका विज्ञापन/सूचनाहरूको बोल, अवधि एवम् प्रसारण समय उल्लेख गरीएको दैनिक प्रसारण तालिकालाई सम्झनुपर्छ ।

(ण) **"प्याकेज डिलिङ"** भन्नाले रेडियो नेपालबाट विज्ञापन तथा कार्यक्रम प्रसारण एवं प्रायोजन गर्नका लागि दररेट तथा सो वापत दुबै पक्षको योगदान आदि समेत उल्लेख गरी विज्ञापन तथा कार्यक्रम दाताहरूलाई गरिने प्रस्तावलाई सम्झनुपर्छ ।

(त) **"उत्पादन शुल्क"**भन्नाले रेडियो नेपालबाट उत्पादन गरिने कार्यक्रम, विज्ञापन तथा अन्य प्रसारण सामग्री उत्पादन गर्दा लाग्ने शुल्कलाई सम्झनुपर्छ ।

(थ) **"प्रत्यक्ष प्रसारण"** भन्नाले कुनै पनि सभा, गोष्ठी, समारोह, उत्सव, मेला, पर्व, औद्योगिक मेला, कला, साहित्य, संगीत, प्रदर्शनी, खेलकूद आदि कुनै पनि कार्यक्रमको कार्यक्रम स्थलबाटै प्रत्यक्ष रूपमा गरिने प्रसारणलाई सम्झनुपर्छ ।

(द) **"एजेन्सी कमिशन"** भन्नाले विज्ञापन संकलन गरी ल्याए वापत विज्ञापन एजेन्सीलाई उपलब्ध गराइने कमिशन रकमलाई सम्झनुपर्छ ।

(ध) **"अतिरिक्त कमिशन"** (बोनस) भन्नाले विज्ञापन एजेन्सीलाई रेडियो नेपालको आय आर्जनमा सहयोग पुऱ्याएवापत थप प्रोत्साहनस्वरूप प्रदान गरिने रकमलाई सम्झनुपर्छ ।

(न) **"सूचना, समाचार तथा चेतनामूलक कार्यक्रम"** भन्नाले कुनै पनि सरकारी, गैर सरकारी एवम् निजी संघसंस्था, कम्पनी, औद्योगिक प्रतिष्ठान आदि संगठित संस्थाले रेडियो नेपालको केन्द्रीय वा प्रादेशिक प्रसारण कार्यालयहरूको प्रसारण समय खरिद गरी त्यस्ता संस्थाको उद्देश्य बमोजिमका शिक्षा, स्वास्थ्य, कृषि, जनसंख्या, वातावरण, विज्ञान प्रविधि,मनोरञ्जन वा जानकारी आदि विषयमा प्रस्तुत गरिने कार्यक्रमलाई सम्झनुपर्छ ।

(प) **"मनोरञ्जनात्मक कार्यक्रम"**भन्नाले रेडियो नेपालबाट प्रसारण हुने गीत, संगीत, चुट्किला, कविता, हास्यव्यङ्ग्य आदि समावेश गरिएको साङ्गीतिक कार्यक्रमलाई सम्झनुपर्छ ।

(फ) **"विशेष कार्यक्रम"** भन्नाले नेपाल सरकारका पूर्ण वा अर्ध स्वामित्वका संघसंस्था, नेपाल स्थित दूतावास, कुटनीतिक नियोग, गैरसरकारी संस्था वा अन्य किसिमका निजी वा व्यापारिक प्रतिष्ठान आदिले आफ्नो वार्षिकोत्सव, राष्ट्रिय चाडपर्व वा अन्य कुनै विशेष अवसरमा प्रसारण गरिने कार्यक्रम वा बुंदा नं. (न) बमोजिम सञ्चालन हुने ६ वटा भन्दा कम संख्याका कार्यक्रमलाई सम्झनुपर्छ ।

(ब) **"परिसंवाद कार्यक्रम"** भन्नाले नेपाल सरकारका मन्त्रालय, विभाग, कार्यालय, समिति, संघसंस्था, संवैधानिक निकाय लगायत नेपालस्थित विभिन्न मित्रराष्ट्रहरूका नियोग आदिका प्रतिनिधि, विशेषज्ञ आदिसंग वा खास विषयवस्तुमा केन्द्रीत रही सम्बन्धित विषयका विज्ञसंग समसामयिक विषयमा गरिने अन्तर्क्रियात्मक, संवादमूलक कार्यक्रमलाई सम्झनुपर्छ ।

(भ) **"शुभकामना विज्ञापन"** भन्नाले कुनै संघसंस्था, कार्यालय, समिति, कम्पनी, आदिको वार्षिकोत्सव तथा शुभजन्मोत्सव, वडादशैं, तिहार लगायत विभिन्न चाड, पर्व तथा अन्य अवसरमा प्रसारण हुने शुभकामना सन्देशलाई सम्झनुपर्छ ।

(म) **"बैंकिङ"** भन्नाले कुनै विज्ञापन दाताले रेडियो नेपालमा शुल्क तिरी विज्ञापन प्रसारण गरे वापत यस निर्देशिका बमोजिम प्रोत्साहन स्वरूप प्राप्त गर्ने निशुल्क प्रसारण समयलाई पछि प्रसारण गर्नेगरी संचय गरी राख्ने कार्यलाई सम्झनुपर्छ ।

(य) **"एफसीटी" (Free Commercial Time; FCT)** भन्नाले समय बिक्री, विज्ञापन प्याकेज, प्रत्यक्ष प्रसारण वा कार्यक्रम प्रायोजनका लागि गरेको सम्झौता अनुसार तोकिएको शुल्क तिरे वापत प्राप्त हुने विज्ञापन प्रसारण समयलाई सम्झनुपर्छ ।

(र) **"ए"** समय भन्नाले रेडियो नेपालको केन्द्रीय प्रसारण अन्तर्गतको बिहान ५:०० बजे देखि ११:०० बजे सम्मको प्रसारण समयलाई सम्झनुपर्छ ।

(ल) **"बी"** समय भन्नाले रेडियो नेपालको केन्द्रीय प्रसारण अन्तर्गतको बेलुका ५:००बजे देखि राती ९:३० बजेसम्मको प्रसारण समयलाई सम्झनुपर्छ ।

(व) **"सी"** समय भन्नाले रेडियो नेपालको केन्द्रीय प्रसारण अन्तर्गतको दिउंसो ११:०० बजेदेखि बेलुका ५:०० बजे सम्मको प्रसारण समयलाई सम्झनुपर्छ ।

(श) **"डी"** समय भन्नाले रेडियो नेपालको केन्द्रीय प्रसारण अन्तर्गतको राती ९:३० बजेदेखि ११:०० बजेसम्मको प्रसारण समयलाई सम्झनुपर्छ ।

(ष) **"इ"**समय भन्नाले रेडियो नेपालको केन्द्रीय प्रसारण अन्तर्गतको राती ११:०० बजे देखि बिहान ५:०० बजेसम्मको प्रसारण समयलाई सम्झनुपर्छ ।

(स) **"प्रसारण सामग्री"** भन्नाले रेडियो नेपालबाट प्रसार हुने सूचना, सन्देश, विज्ञापन तथा सबै किसिमका कार्यक्रमलाई सम्झनुपर्छ ।

(ह) **"सञ्चालक समिति"** भन्नाले रेडियो प्रसार सेवा विकास समितिको सञ्चालक समितिलाई सम्झनुपर्छ ।

(क्ष) **"डिजिटल प्लाटफर्म"** भन्नाले रेडियो नेपालको अनलाइन पोर्टल, **OTT** लगायतलाई सम्झनुपर्छ ।

(त्र) **"प्राविधिक सेवा"** भन्नाले रेडियो नेपालको यन्त्र, उपकरण, स्टुडियो आदि सम्बन्धी सेवालाई सम्झनुपर्छ ।

## परिच्छेद २
## विज्ञापन प्रसारण सम्बन्धी व्यवस्था

३. **विज्ञापन वा सूचना प्रसारणका लागि अयोग्य हुन सक्ने:**
निम्न प्रकृतिका विज्ञापन/सूचनाहरू रेडियो नेपालबाट प्रसारण योग्य हुने छैनन्:
(१) नेपाल सरकार वा व्यक्ति विशेषको नाममा अनावश्यक ढंगले उल्लेख भएका विषय ।
(२) जन समूदायमा नकारात्मक असर पुऱ्याउने, भ्रम सिर्जना गर्ने, सार्वजनिक सम्पत्तिमा नोक्सान पुऱ्याउने तथा कुनै जातजाति, धर्म संस्कृतिको अपव्याख्या, अवहेलना वा अपमानित हुने खालका विज्ञापन तथा सूचना ।
(३) अन्य उद्योग, व्यवसाय वा उत्पादन आदिलाई प्रतिकूल प्रभाव पार्ने किसिमका विज्ञापन ।
(४) राष्ट्रिय मान्यता प्राप्त राजनैतिक दलहरू वा अन्य राजनैतिक दलहरूका साथै संवैधानिक अंगका प्रमुख तथा व्यक्ति विशेषलाई प्रतिकूल असर पर्ने विषयका सूचना, सन्देश र अदालतमा विचाराधिन रहेका विषयसंग सम्वन्धित सूचना ।
(५) गलत अर्थ लाग्ने, अर्थ स्पष्ट नभएको, भ्रमपूर्ण, आर्थिक प्रलोभन देखाइएका, ग्यारेन्टी दिइएका, अन्य उत्पादनको नक्कल हुने वा अरूको उत्पादन वा सूचनालाई गलत सावित गरी आफ्नो उत्पादन वा सूचनालाई सही भनी ठोकुवा गरिएका विज्ञापन ।
(६) जुलुश, हडताल, आमसभा, आन्दोलन जस्ता विषयहरू उल्लेख भएका सूचना ।
(७) आधिकारिक निकायको स्वीकृति नलिई उत्पादन भएका औषधीहरू वा उपचारमा पूर्णतया रोग निको हुन्छ वा हुदैन भनी ठोकुवा गरिएका विज्ञापनका साथै सर्वसाधारणको स्वास्थ्यमा प्रतिकूल असर पार्ने खालका सन्देश ।
(८) नेपाल सरकारका प्रचलित ऐन कानून एवम् विद्यमान राष्ट्रिय प्रसारण ऐन प्रतिकूल विषय ।
(९) रेडियो नेपालको प्रसारण निर्देशिका र कार्यक्रम तथा समाचार मापदण्ड प्रतिकूलका विषय ।
(१०) राष्ट्रिय प्रसारण ऐन २०४९ को प्रतिकुल हुने विज्ञापन ।

४. **विज्ञापन प्रसारणका लागि आवश्यक कागजातहरु :**

क) श्रद्धाञ्जली सम्वन्धी विषयको सूचना तथा जानकारीको आधिकारीक प्रमाण
ख) गर्भपतन सम्वन्धी विज्ञापन प्रसारणका लागि आधिकारीक निकायवाट स्वीकृति प्राप्त गरेको प्रमाणपत्र ।
ग) कुनै संघ, सस्था, फर्म वा कम्पनीवाट वर्ग विशेषको आवश्यकता वारेका विज्ञापन प्रसारणका लागि आएमा सम्वन्धित निकायको स्विकृतिपत्र ।
घ) वैदेशिक रोजगार सम्वन्धी सूचनाहरु प्रसारण गर्न नेपाल सरकारको सम्वन्धित निकायको आधिकारीक कागजात पेश गर्नुपर्ने ।

५. **विज्ञापन प्रसारण प्रक्रिया:**
(क) नेपाल सरकारको पूर्ण वा आंसिक स्वामित्वका कुनै पनि संघसंस्था, गैरसरकारी संस्था, कुटनीतिक नियोग, निजी उद्योग, व्यवशाय, सेवा वा व्यापारिक प्रतिष्ठानबाट जारी गरिने सूचना, सन्देश तथा जानकारीलाई विज्ञापनको रूपमा प्रसारण गरिनेछ ।
(ख) औषधी सम्वन्धी विज्ञापन वा सूचना प्रसारणका लागि नेपाल सरकार, औषधी व्यवस्था विभाग वा सम्बन्धित निकायको दर्ता प्रमाणपत्रको प्रतिलिपी वा सिफारिश पेश गर्नु पर्नेछ ।
(ग) उपहार, पुरस्कार आदि विषयमा उल्लेख भएका विज्ञापन, सूचनाहरू प्रसार गर्दा समितिलाई आवश्यक लागेमा नेपाल सरकार वा सम्बन्धित विज्ञापनदाताको स्वीकृति पेश गर्नु पर्नेछ ।

(घ) मानिस हराएको सूचना प्रसारण गर्दा प्रहरी कार्यालयको सिफारिसपत्र पेश गर्नु पर्नेछ ।

(ङ) रेडियो नेपालबाट प्रसारण भएका विज्ञापन/ सूचनाहरूको प्रसारणको प्रमाणपत्र माग भएमा त्यस्तो सामग्री प्रसारण पश्चात व्यापार महाशाखाको अधिकृत स्तरको कर्मचारीले प्रमाणित गरी अनुसूचि (५) बमोजिमको ढांचामा उपलब्ध गराईनेछ ।

(च) विज्ञापनदाता वा एजेन्सी मार्फत प्राप्त भएको प्रसारण सामग्रीको भाषिक शुद्धता एवम् प्राविधिक जांच गरी प्रसारण गरिनेछ ।

(छ) कुनै विज्ञापनदाता वा विज्ञापन एजेन्सीबाट प्राप्त प्रसारण सामग्रीमा उल्लेखित विषयको तथा विश्वसनीयताको जवाफदेही सम्बन्धित एजेन्सी वा विज्ञापनदाता नै हुनु पर्नेछ ।

(ज) कुनै विज्ञापनदाता वा विज्ञापन एजेन्सीबाट रेडियो नेपालमा प्रसारणको लागि प्राप्त हुने प्रसारण सामग्रीको मुलप्रति सुरक्षित राख्न रेडियो नेपाल बाध्य हुने छैन ।

(झ) कुनै प्रसारण सामग्री दोश्रो पक्षसँग पनि सम्बन्धित भए तापनि दोश्रो पक्षलाई विना कुनै पुर्व सूचना आफ्नो तर्फको कारण देखाई रेडियो नेपालले प्रसार गर्नमा रोक लगाउन सक्नेछ ।

(ञ) कुनै पनि प्रसारण सामग्री रेडियो नेपालको आन्तरिक स्वीकृति प्रकृया पूरा गरेपछि मात्र प्रसारण गरिने छ ।

(ट) कुनै पनि प्रसारण सामग्री प्रसारण गर्ने वा नगर्ने सम्बन्धमा तोकिएको अवस्थामा बाहेक रेडियो नेपालको निर्णय अन्तिम हुनेछ ।

(ठ) रेडियो नेपालबाट प्रसारण भइरहेका वा प्रसारण गरिने जुनसुकै कार्यक्रमहरूको प्रोमो दिनु पर्दा सो वापत सम्झौता भएको रकमको १०% मा नवढ्ने गरी उपलब्ध रहेको समयमा प्रसारण गर्न सकिनेछ । प्रोमो प्रसारण नगरेको अवस्थामा सो बराबरी अन्य चेतनामूलक सन्देश समेत प्रसारण गरिदिन सकिनेछ ।

(ड) रेडियो नेपालबाट प्रसारण भएका सामग्रीको रेकर्ड आवश्यक भएमा विज्ञापन/कार्यक्रम दाताले प्रसारण भएको १५ दिन भित्र माग गरिसक्नु पर्नेछ ।

(ढ) यस निर्देशिका बमोजिम कुनै विज्ञापन दाताले सम्झौताबाट निःशुल्क प्रसारणको सुविधा प्राप्त गर्ने भएमा तोकिएको अवस्थामा बाहेक सम्झौता अवधिभित्र नै प्रसारण गरिसक्नु पर्नेछ ।

(ण) रेडियो नेपालबाट प्रसारण भएका प्रायोजित कार्यक्रमहरूको प्रसारणको प्रमाणपत्र माग भएमा कार्यक्रम प्रसारण पश्चात अनुसूचि (६) बमोजिमको ढांचामा कार्यक्रम महाशाखाको तोकिएको अधिकृतवाट प्रमाणित गरी उपलब्ध गराइनेछ ।

(त) सामान्यतया: एकै प्रकारको बस्तु वा सेवाका मिल्दाजुल्दा र एकै प्रकारका उत्पादनहरूको विज्ञापन सकेसम्म संगसंगै प्रसारण गरिने छैन ।

(थ) विषेश कारणले कुनै विज्ञापन वा कार्यक्रम निर्धारित मिति तथा समयमा प्रसारण हुन नसकेमा विज्ञापन तथा कार्यक्रमदातासंग समन्वय गरी अन्य समयमा प्रसारण गर्न सकिनेछ । तर प्रसारण गर्न नसकिएको अवस्थामा विलको भुक्तानी फिर्ता दिइने छ ।

(द) सामान्यतया कुनै समाचार वा कार्यक्रमभित्र विज्ञापन प्रसारणगर्दा विज्ञापन ३० प्रतिशत र कार्यक्रम ७० प्रतिशतको अनुपातमा हुनु पर्नेछ । तर ३० प्रतिशत भन्दा वढी विज्ञापन प्रसारण गर्नु पर्ने अवस्था आएमा, व्यापार महाशाखाको सिफारिसमा कार्यकारी निर्देशकको स्वीकृति लिई थप गर्न सकिने छ ।

(ध) प्रसारणका लागि प्राप्त विज्ञापन तथा कार्यक्रम स्वीकृत भैसकेपछि सामान्यतया रोक्का वा समय हेरफेर गरिने छैन तर प्राविधिक त्रुटि वा रोक्नु पर्ने विशेष कारण भएमा वा दाताको अनुरोधमा प्रसारण रोक्न वा हेरफेर गर्न सकिने छ ।

## परिच्छेद ३
## विज्ञापन एजेन्सी सम्बन्धी व्यवस्था

६. **विज्ञापन एजेन्सी दर्ता प्रकृया:**

कुनै विज्ञापन एजेन्सीले निम्न बमोजिमका कागजात सहित दर्ता शुल्क तिरी रेडियो नेपालमा कारोवारको लागि दर्ता हुन सक्नेछन् ।

(१) विज्ञापन एजेन्सी दर्ताको लागि आवश्यक कागजात तथा शुल्क:

(क) नेपाल सरकारको सम्बन्धित निकायमा विज्ञापन सम्बन्धी कारोबार गर्नको लागि दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(ख) मूल्य अभिवृद्धि कर दर्ता वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(ग) साझेदारी भएमा साझेदारी कबुलियतनामा र कम्पनी भएमा प्रबन्धपत्रको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(घ) कुनै विज्ञापन एजेन्सीको सञ्चालक समिति भएमा कारोवार गर्न अधिकार प्रत्यायोजन गरेको माइन्यूटको प्रमाणित प्रतिलिपि ।

(ङ) प्रत्येक आर्थिक वर्षमा नेपाल सरकारलाई तिर्नु पर्ने कर तिरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(च) दर्ता शुल्क रु. ३०००/- (प्रादेशिक प्रसारणको हकमा रु. २०००/-)

(छ) वार्षिक नविकरण शुल्क रु. २०००/- (प्रादेशिक प्रसारणको हकमा रु. १०००/-)

(२) विज्ञापन एजेन्सी दर्ता गर्नु अघि सो एजेन्सीको कुनै प्रोप्राइटर, साझेदार, म्यानेजिङ डाइरेक्टर वा कार्यकारी पदमा रहेका व्यक्ति संलग्न रही यसभन्दा अगाडि रेडियो नेपालमा दर्ता भएको एजेन्सीको नाममा बाँकी बक्यौता रहेको अवस्थामा सो रकम चुक्ता नगरेसम्म नयाँ एजेन्सी दर्ता गरिने छैन ।

(३) समितिले आवश्यक देखेमा कुनै संस्था, विज्ञापन **Buying House** वा व्यक्ति विशेषलाई स्वदेश वा विदेशमा समेत विज्ञापन संकलनका लागि एजेन्ट नियुक्त गर्न सक्नेछ ।

७. **एजेन्सी कमिशन:**

(क) रेडियो नेपालमा कारोबारको लागि दर्ता भएका विज्ञापन एजेन्सीहरूलाई सरकारी, गैरसरकारी वा निजी क्षेत्रका विज्ञापन प्रसारण वा मनोरञ्जनात्मक कार्यक्रम प्रायोजन गराए वापत प्रचलित दररेटमा १५ प्रतिशत रकम कमिशन (सेवा शुल्क) वापत छुट दिइने छ ।

(ख) **"सूचना, समाचार तथा जनचेतनामूलक कार्यक्रम"** को प्रसारण शुल्क, स्टुडियो शुल्क तथा उत्पादन शुल्कको हकमा एजेन्सी कमिशन दिइने छैन ।

८. **अतिरिक्त कमिशन (बोनस):**

(क) विज्ञापन एजेन्सीले विभिन्न सरकारी, गैरसरकारी तथा निजी संघसंस्था, उद्योग, व्यापार, व्यवसाय, सेवाक्षेत्र आदिबाट विज्ञापन संकलन गरी रेडियो नेपालको आय आर्जनमा सहयोग पुऱ्याएवापत वार्षिक कारोबारको आधारमा समितिलाई प्राप्तहुने खुद रकमको निश्चित प्रतिशत रकम थप प्रोत्साहन स्वरूप अतिरिक्त कमिशन उपलब्ध गराइने छ । खुद रकम गणना गर्दा कुनै एक विज्ञापन एजेन्सीले एक भन्दा बढी किसिमका सम्झौता गरेको भए सो सबै सम्झौता र सम्झौता नगरी कारोबार भए सो समेत सबै कारोबारको हिसाब गरी सबै

किसिमका कमिसन वा छुट कटाई हुने खुद भुक्तानी जोडिने छ । तर एजेन्सी कमिसन नपाउने किसिमको कारोबार भएमा त्यस्तो कारोबारको हिसाब यस दफा प्रयोजनको लागि गणना गरिने छैन ।

(ख) दफा (क) बमोजिम समितिलाई प्राप्त रकममा निम्नानुसार अतिरिक्त कमिशन उपलब्ध गराउन सकिने छ :

(अ) केन्द्रीय प्रसारणको हकमा :

(१) वार्षिक रु.५ लाखदेखि माथि १० लाखसम्मको कारोबारमा ५%
(२) वार्षिक रु.१० लाख १ देखि २० लाखसम्मको कारोबारमा ६%
(३) वार्षिक रु.२० लाख १ देखि ४० लाखसम्मको कारोबारमा ७%
(४) वार्षिक रु.४० लाख १ देखि ८० लाखसम्मको कारोबारमा ८%
(५) वार्षिक रु.८० लाख १ देखि १ करोड माथिको कारोबारमा १० %

(आ) प्रादेशिक प्रसारण कार्यालय/प्रसारण केन्द्रको हकमा

(१) वार्षिक रु. २ लाख देखि माथि ४ लाख सम्मको कारोबारमा ५% का दरले,
(२) वार्षिक रु.४ लाख १ देखि ७ लाख सम्मको कारोबारमा ६% का दरले,
(३) वार्षिक रु. ७ लाख १ देखि १० लाख सम्मको कारोबारमा ८% का दरले र
(४) वार्षिक रु.१० लाख १ देखि १० लाख माथिको कारोबारमा १०% का दरले ।

(ग) बुंदा (ख) अनुसारको अतिरिक्त कमिशन आर्थिक वर्षको अन्त्य सम्ममा कारोबारको भुक्तानी चुक्ता गरेको अवस्थामा मात्र दिइनेछ । अतिरिक्त कमिसन हिसाब गर्दा फरक रकमको सिमा बमोजिम अलग अलग प्रतिशत गणना गरिने छ ।

**९. विज्ञापन एजेन्सीको मान्यता समाप्त हुने:**

निम्न अवस्थामा रेडियो नेपालमा कारोबारको लागि विज्ञापन एजेन्सीको मान्यता समाप्त हुनेछ :

(क) समितिबाट प्राप्त कारोबार गर्ने मान्यताबाट हट्न लिखित जानकारी दिएमा,

(ख) एजेन्सीको मालिक वा प्रोपराइटर वा साझेदारी टाट पल्टेमा वा फर्म वा कम्पनी विघटन भएमा,

(ग) प्रत्येक आर्थिक वर्ष रेडियो नेपाल र नेपाल सरकारको सम्बन्धित निकायमा नविकरण नगरेमा,

(३) यस निर्देशिकाको प्रावधान वा समितिको हित प्रतिकुल कुनै काम गरेका कारण समितिले कारोवारको मान्यता खारेज गर्ने निर्णय गरेमा ।

## परिच्छेद ४
## भुक्तानी प्रक्रिया

**१०. शुल्क लाग्ने:**

(क) नेपाल सरकारका पूर्ण वा अर्ध स्वामित्वका सबै निकाय, बैदेशिक नियोग, निजी फर्म, कम्पनी, विज्ञापन एजेन्सी, अन्य संस्था एवम् व्यक्तिका विज्ञापन, सूचना, सन्देश एवम् कार्यक्रम उत्पादन, प्रसारण तथा प्राविधिक सेवा उपयोग गरे वापत अनुसूचि (१) र (२) मा उल्लिखित शुल्क लाग्नेछ ।

(ख) डिजिटल प्लाटफर्म (Digital Platform) /अनलाईनमा सुचना, विज्ञापन वा अन्य सामग्री उत्पादन/प्रकाशन/प्रसारणगर्दा लाग्ने शुल्क सम्बन्धी दररेट अनुसूचि (१), (२) र (३) बमोजिम हुनेछ ।

(ग) समितिलाई कार्यक्रम तथा विज्ञापन प्रसारण वापत प्राप्तहुने शुल्क रकम नगद वा **A/C Payee** चेक वा **E-Payment** वा अन्य डिजिटल माध्यमबाट भुक्तानी लिन सकिनेछ ।

**११. अग्रिम भुक्तानी गर्नुपर्नेः**

(क) रेडियो नेपालबाट कुनै कार्यक्रम, विज्ञापन, सूचना वा सन्देश प्रसारण गर्न चाहने व्यक्ति वा संस्थाले सो वापत लाग्ने शुल्क सामान्यतया अग्रिम रूपमा भुक्तानी गर्नुपर्नेछ । यस्तो अग्रिम भुक्तानी वापत १० प्रतिशत नगद छुट दिइनेछ । विज्ञापन एजेन्सीको हकमा यस्तो छुट एजेन्सी कमिसन भन्दा अघिल्लो अंकबाट उपलव्ध गराइनेछ । तर सिधै प्राप्त हुने सरकारी विज्ञापन र जुनसुकै किसिमको **"सूचना, समाचार तथा जनचेतनामूलक कार्यक्रम"** को लागि यस्तो छुट उपलव्ध गराइने छैन ।

(ख) बुंदा (क) बमोजिम कुनै विज्ञापन वा कार्यक्रमदाताले सम्झौता बमोजिमको सबै रकम एकमुष्ठ रूपमा अग्रिम भुक्तानी गर्न नसक्ने भएमा सम्झौता अवधिभित्र सबै रकम भुक्तानी भैसक्ने गरी कुनै निश्चित अवधिसम्मको रकम पटक पटक गरी अग्रिम भुक्तानी गरेमा समेत यस दफा बमोजिमको छुट प्राप्त गर्न सक्नेछ ।

**१२. उधारो सम्बन्धी व्यवस्थाः**

निर्देशिकाको अन्य दफामा जेसुकै लेखिएको भए तापनि रेडियो नेपालसंग कारोबार गर्ने सरकारी वा गैर सरकारी संघ संस्थाहरूको लिखित अनुरोधको आधारमा विज्ञापन प्रसारण पश्चात भुक्तानी प्राप्त गर्नेगरी कारोबार गर्न सकिने छ । सरकारी वा सरकारी स्वामित्व भएका बाहेक अन्य संघ संस्थासंग यस्तो कारोबार गर्दा विश्वासनीयताको आधारमा कारोबार गरिने छ अथवा विश्वासनीयताको लागि सुरक्षण वापत बैंक ग्यारेन्टी लिएरमात्र कारोबार गरिने छ । विज्ञापन एजेन्सीको हकमा दफा १३ बमोजिम हुनेछ ।

**१३. विज्ञापन एजेन्सीलाई उधारो दिन सकिनेः**

(क) अघिल्लो आर्थिक वर्ष सम्ममा समितिमा कारोबार गरी अतिरिक्त कमिशन प्राप्त गरेका विज्ञापन एजेन्सीहरूको इमान्दारिता, विश्वसनीयतालाई समेत विचारगरी गत वर्षमा कारोबार गरेको कूल रकमको २० प्रतिशतले हुने रकम बरावर उधारो सुविधा ३० दिनसम्म उपलव्ध गराउन सकिनेछ । उल्लेखित सुविधाको अतिरिक्त थप रकम र समयको लागि उधारो सुविधा उपलव्ध गराउनु परेमा वैक ग्यारेन्टी लिई व्यवस्थापनले निर्णय गरे बमोजिम हुनेछ ।

(ख) बुंदा (क) बाहेक अन्य विज्ञापन एजेन्सीहरूको हकमा वैक ग्यारेन्टी लिई व्यवस्थापनले निर्णय गरे बमोजिम उधारो सुविधा उपलव्ध गराउन सकिनेछ ।

**१४. बांकी बक्यौता चुक्ता हुनुपर्नेः**

कुनै विज्ञापन एजेन्सी वा अन्य विज्ञापन वा कार्यक्रमदातासंग भएको सम्झौता नवीकरण वा नयाँ सम्झौता गर्नु भन्दा अगाडि अघिल्लो आर्थिक वर्षको बाँकी बक्यौता चुक्ता गरिसकेको हुनु पर्नेछ ।

**१५. मासिक दरमा बिलिङ गर्न सकिनेः**

कुनै विज्ञापनदातालाई यस निर्देशिकामा व्यवस्था भएका प्याकेज डिलिङ वा अन्य दररेट बमोजिम प्रस्ताव पेश गर्दा मासिक रूपमा विज्ञापन प्रसारण गर्ने भएमा औषतमा ३० दिनको महिना गणना गरी मासिक रूपमा एकमूष्ठ रकमको प्रस्ताव गर्न सकिनेछ र सोही बमोजिम बिलिङ गर्न सकिनेछ

तर कार्यक्रमको हकमा कार्यक्रम प्रसारण संख्या गणना गरी प्रति कार्यक्रमको दरमा नै बिलिङ गरिनेछ ।

१६. थप दस्तुर लाग्ने:

कुनै विज्ञापन वा सूचना समाचारको अघि, पछि वा बिचमा बाहेक अन्य साधारण समयमा निश्चित समय तोकी प्रसारणको लागि अर्डर भएमा प्रचलित दर रेटमा थप २५% सम्म शुल्क लिन सकिने छ ।

१७. बैक ग्यारेन्टी सम्बन्धमा:

यस निर्देशिका बमोजिम कुनै विज्ञापन एजेन्सी वा अन्य विज्ञापन वा कार्यक्रमदाताले समितिमा कारोबार गर्ने प्रयोजनको लागि बैंक ग्यारेन्टी वा अन्य धरौटी राख्नु परेको खण्डमा त्यस्तो ग्यारेन्टी वा धराटीको म्याद सम्झौता अवधि भन्दा एक महिना बढी अवधिको हुनु पर्नेछ ।

## परिच्छेद ५
## कार्यक्रम उत्पादन एवम् प्रसारण सम्बन्धी व्यवस्था

१८. **"सूचना, समाचार तथा जनचेतनामूलक कार्यक्रम" उत्पादन एवम् प्रसारण:**

(क) कुनै पनि संघ, संस्था, सरकारी कार्यालय, विभाग आदिबाट सूचना, समाचार तथा जनचेतनामूलक कार्यक्रम उत्पादन वा प्रसारणको लागि अनुरोध भई आएमा अनुसूची (१) र (२) बमोजिमको शुल्क लिई कार्यक्रम प्रसारण गरिनेछ ।

(ख) **"सूचना, समाचार तथा जनचेतनामूलक कार्यक्रम"** कार्यक्रम प्रसारणका लागि साधारणतया १० मिनेट देखि वढीमा ३० मिनेट सम्मको समय निर्धारण गर्न सकिनेछ । तर प्रसारण समय खाली देखिएमा थप समय उपलब्ध गराउन पनि सकिनेछ ।

(ग) यस प्रकारका कार्यक्रममा व्यापारिक उत्पादनका विज्ञापन प्रसारण गरिने छैन ।

(३) प्रायोजक स्वयंको तर्फबाट उत्पादन गरी रेडियो नेपालवाट प्रसारण मात्र हुने गरी सम्झौता भएका कार्यक्रमका हकमा प्रयोग हुने सामग्री टेप, सी.डी. आदिको व्यवस्था प्रायोजक स्वयंले नै गर्नु पर्नेछ । रेडियो नेपालको स्टुडियो प्रयोग गरी कार्यक्रम उत्पादन गर्न चाहेमा नियमानुसारको स्टुडियो शुल्क थप लाग्नेछ ।

(ङ) **सूचना, समाचार तथा जनचेतनामूलक कार्यक्रम** रेडियो नेपाल स्वयम् वा सम्बन्धित निकायको तर्फबाट उत्पादन गरी प्रसारण गर्न सकिनेछ । यस्तो कार्यक्रम सन्चालन गर्न अवश्यकता अनुसार अन्य बाहृय जनशक्तिको समेत प्रयोग गर्न सकिने छ ।

(च) रेडियो नेपाल बाहेकका जनशक्तिबाट कार्यक्रम उत्पादन गर्नु पर्दा रेडियो नेपालको मापदण्ड बमोजिमको हुनुपर्नेछ ।

(छ) रेडियो नेपालबाट उत्पादन गरिने **"सूचना, समाचार तथा जनचेतनामूलक कार्यक्रम"** को उत्पादन शुल्क अनुसूचि (२) बमोजिमको दररेट अनुसार सहमतीको आधारमा तय गरिनेछ ।

(ज) रेडियो नेपालको तर्फबाट उत्पादन गरी प्रसारण गरिने **सूचना, समाचार तथा जनचेतनामूलक** प्रायोजित कार्यक्रमहरूमा रेडियो नेपाल र दाताको समान अधिकार हुनेछ । आवश्यकता अनुसार रेडियो नेपालबाट त्यस्ता कार्यक्रम पुनः प्रसारण गर्न सकिनेछ ।

(झ) रेडियो नेपालले विज्ञापन/कार्यक्रम उत्पादन तथा प्रसारण शुल्कका अतिरिक्त आवश्यकता अनुसार विज्ञापन/कार्यक्रमको प्रभावकारिता मूल्यांङ्कनका लागि श्रोता सर्वेक्षण, अनुगमन,

मूल्यांकन, समीक्षा, फिल्ड भिजिट, विज्ञ पारिश्रमिक लगायत आवश्यकता अनुसारका खर्च प्रस्ताव गरी सम्झौता गर्न सक्नेछ । यसरी उत्पादन र प्रसारण शुल्क बाहेक उपरोक्त शीर्षकगत प्राप्त हुने रकममा नबढ्ने गरी भुक्तानी गरिनेछ ।

१९. **मनोरञ्जनात्मक कार्यक्रम उत्पादन एवम् प्रसारण:**

(क) मनोरञ्जनात्मक कार्यक्रम रेडियो नेपालले आफ्नै जनशक्ति वा वाह्य जनशक्तिवा प्रायोजक संस्था स्वयम्को जनशक्ति प्रयोग गरी उत्पादन गर्न सकिनेछ ।

(ख) कार्यक्रम निर्माणका लागि प्रायोजक संस्थाबाट सिफारिस भएका जनशक्तिको स्वर परीक्षा लिई उपयुक्त देखिएमा अनुमति प्रदान गर्न सकिनेछ ।

(ग) रेडियो नेपाललाई नै मनोरञ्जनात्मक कार्यक्रम उत्पादन गर्न अनुरोध भै आएमा अनुसूचि (२) बमोजिमको उत्पादन शुल्क लाग्नेछ ।

(घ) मनोरञ्जनात्मक कार्यक्रमको एउटा शृङ्खला घटीमा १५ मिनेट देखि बढीमा ४५ मिनेटसम्मको हुनेछ । तर प्रसारण समय खाली देखिएमा थप समय उपलव्ध गराउन सकिनेछ ।

(ङ) प्रायोजक स्वयम्को तर्फबाट उत्पादन हुने कार्यक्रमको हकमा प्रयोग हुने सामग्री टेप, सी. डी. आदिको व्यवस्था स्वयम् प्रायोजकले नै गर्नुपर्नेछ ।

(च) मनोरञ्जनात्मक कार्यक्रममा Brand Name वापत थप शुल्क लाग्नेछैन ।

(छ) रेडियो नेपालबाट प्रसारण हुने मनोरञ्जनात्मक कार्यक्रम प्रायोजित भएमा देहाय बमोजिम विज्ञापन प्रसारणको लागि समय (FCT)उपलब्ध गराइनेछ ।

- १५ मिनेटको कार्यक्रममा ३ मिनेट
- ३० मिनेटको कार्यक्रममा ६ मिनेट
- ४५ मीनेटको कार्यक्रममा ९ मिनेट

उपरोक्त विज्ञापन **(FCT)** मध्ये ५०% सम्म सोही कार्यक्रम भित्र र बाँकी ५०% सम्मका विज्ञापन बैंकिङ गरी सोही कार्यक्रम प्रसारण भएको बर्गीकृत समयमा प्रसारण गर्न दिन सकिनेछ । अन्य समयमा प्रसारण गर्न चाहेमा बैंकिङ गरिएका विज्ञापनलाई प्रचलित विज्ञापनको दररेट बमोजिम हुने रकममा हिसाव गरी प्रसारण गर्न दिन सकिनेछ ।

(ज) रेडियो नेपालको सी वा डी समयमा समय खरिद गरी मनोरञ्जनात्मक/साङ्गितिक कार्यक्रम सञ्चालनका लागि कुनै विज्ञापन एजेन्सी वा संघसंस्थाबाट समय माग भएमा अनुसूचि १ (ग) बमोजिमको शुल्क लिई समय उपलब्ध गराउन सकिनेछ । विज्ञापन एजेन्सीले यसरी समय खरिद गरी कार्यक्रम सञ्चालन गरेमा प्राप्तहुने **(FCT)** मा जुनसुकै निजी क्षेत्रको विज्ञापन प्रसारण गर्न सक्नेछन् ।

## परिच्छेद ६
## प्याकेज डिलिङ्गको व्यवस्था

२०. **विहान ७ बजे र बेलुका ७ बजेको समाचारको समय बिक्री:**

(क) कुनै सरकारी, गैर सरकारी वा निजी क्षेत्रको विज्ञापन प्रसारणको लागि बिहान ७ बजे वा बेलुका ७ बजेको समाचारको अधि, पछि वा बीचमा निम्न बमोजिम भुक्तानी हुने गरी सम्झौता वा अर्डर गरेमा प्रोत्साहन स्वरूप निम्न बमोजिमको संख्यामा सोही विज्ञापन सोही दिन नि:शुल्क प्रसारणको सुविधा प्रदान गर्न सकिनेछ ।

१. कुनै १ समाचारमा १ महिना वा सोभन्दा बढीको भुक्तानी गर्ने गरी सम्झौता वा अर्डर गरेमा सी. र डी. समयमा २ पटक ।
२. कुनै १ समाचारमा ३ महिना वा सोभन्दा बढीको भुक्तानी गर्ने गरी सम्झौता वा अर्डर गरेमा अन्य समाचारमा २ पटक र ए. बी. सी. डी. समयमा ३ पटक गरी जम्मा ५ पटक ।
३. कुनै १ समाचारमा ६ महिना वा सोभन्दा बढीको भुक्तानी गर्ने गरी सम्झौता वा अर्डर गरेमा अन्य समाचारमा ३ पटक र ए. बी. सी. डी. समयमा ४ पटक गरी जम्मा ७ पटक ।
४. दुवै समाचारमा १ महिना वा सोभन्दा बढीको भुक्तानी गर्ने गरी सम्झौता वा अर्डर गरेमा अन्य समाचारमा १ पटक र ए. बी. सी. डी. समयमा ४ पटक गरी जम्मा ५ पटक ।
५. दुवै समाचारमा ३ महिना वा सो भन्दा बढीको भुक्तानी गर्ने गरी सम्झौता वा अर्डर गरेमा अन्य समाचारमा ५ पटक र ए. बी. सी. डी. समयमा ७ पटक गरी जम्मा १२ पटक ।
६. दुवै समाचारमा ६ महिना वा सोभन्दा बढीको भुक्तानी गर्ने गरी सम्झौता वा अर्डर गरेमा बांकी जुनसुकै समाचारहरूमा १० पटक ।

(ग) यस दफा अन्तर्गत प्रसारण हुने विज्ञापन सामान्यतया लगातार दैनिक प्रसारण गर्नु पर्नेछ तर विज्ञापन दाताको अनुरोधमा एक वर्षभित्र तोकिएको संख्या पूरा हुनेगरी सम्झौता गर्न पनि सकिनेछ ।

(३) यस दफा बमोजिमको सुविधा लिनेगरी सम्झौता गर्ने कुनै विज्ञापन एजेन्सीसंग व्यवस्थापनले आवश्यक ठानेमा सुरक्षण वापत उचित बैंक ग्यारेन्टि वा नगद धरौटी लिन सकिनेछ ।

(ङ) यस दफा बमोजिम नि:शुल्क प्रसारणको सुविधा प्रदान गरे पछि दफा (२४) मा व्यवस्था भएको प्याकेज छुट प्रदान गरिने छैन ।

२१. **विहान ९ बजे र बेलुका ९ बजेको समाचारको समय बिक्री :**

(क) कुनै सरकारी, गैर सरकारी वा निजी क्षेत्रको विज्ञापन प्रसारणको लागि बिहान ९ बजे र बेलुका ९ बजेको समाचारकोअघि, पछि वा बीचमा निम्न बमोजिम भुक्तानी हुनेगरी सम्झौता वा अर्डर गरेमा प्रोत्साहन स्वरूप निम्न बमोजिमको संख्यामा सोही विज्ञापन सोही दिन नि:शुल्क प्रसारणको सुविधा प्रदान गर्न सकिनेछ ।

१. कुनै १ समाचारमा १ महिना वा सोभन्दा बढीको भुक्तानी गर्ने गरी सम्झौता वा अर्डर गरेमा सी. डी. समयमा २ पटक ।
२. कुनै १ समाचारमा ३ महिना वा सोभन्दा बढीको भुक्तानी गर्ने गरी सम्झौता वा अर्डर गरेमा ३ बजेको समाचारमा १ पटक र ए. बी. सी. डी. समयमा ३ पटक गरी जम्मा ४ पटक ।
३. कुनै १ समाचारमा ६ महिना वा सोभन्दा बढीको भुक्तानी गर्ने गरी सम्झौता वा अर्डर गरेमा ३ बजेको समाचारमा १ पटक र ए. बी. सी. डी. समयमा ६ पटक गरी जम्मा ७ पटक ।
४. दुबै समाचारमा १ महिना वा सोभन्दा बढीको भुक्तानी गर्ने गरी सम्झौता वा अर्डर गरेमा ए. बी. सी. डी. समयमा ५ पटक ।
५. दुबै समाचारमा ३ महिना वा सोभन्दा बढीको भुक्तानी गर्ने गरी सम्झौता वा अर्डर गरेमा ३ बजेको समाचारमा १ पटक, अन्य समाचारमा १ पटक र ए. बी. सी. डी. समयमा ८ पटक गरी जम्मा १० पटक ।

६. दुबै समाचारमा ६ महिना वा सोभन्दा बढीको भुक्तानी गर्नेगरी सम्झौता वा अर्डर गरेमा ३ बजेको समाचारमा १ पटक र अन्य समाचारहरूमा ९ पटक गरी जम्मा १० पटक ।

(ग) यस दफा अन्तर्गत प्रसारण हुने विज्ञापन सामान्यतया लगातार दैनिक प्रसारण गर्नु पर्नेछ तर विज्ञापन दाताको अनुरोधमा एक वर्षभित्र तोकिएको संख्या पूरा हुनेगरी सम्झौता गर्न पनि सकिनेछ ।

(घ) यस दफा बमोजिमको सुविधा लिनेगरी सम्झौता गर्ने कुनै विज्ञापन एजेन्सीसंग व्यवस्थापनले आवश्यक ठानेमा सुरक्षण वापत उचित बैक ग्यारेन्टी वा नगद धरौटी लिन सकिनेछ ।

(ङ) यस दफा बमोजिम निःशुल्क प्रसारणको सुविधा प्रदान गरेपछि दफा (२४) मा व्यवस्था भएको प्याकेज छुट प्रदान गरिने छैन ।

## २२. सवै समाचारको समय बिक्रीः

(क) कुनै सरकारी, गैर सरकारी वा निजी क्षेत्रको विज्ञापन प्रसारणको लागि बिहान र बेलुका ७ बजे, ९ बजे र दिउँसो ३ बजे गरी दैनिक ५ समाचारको अधि, पछि वा विचमा भुक्तानी गर्नेगरी अर्डर गरेमा प्रोत्साहन स्वरूप प्रति ५ पटकको भुक्तानी वापत अन्य ४ समाचारमा १/१ पटकका दरले सोही विज्ञापन सोही दिन निःशुल्क प्रसारण गरिदिन सकिनेछ ।

(ख) बिहान र बेलुका ७ बजे, ९ बजे, दिउंसो ३ बजे र अन्य २ गरी दैनिक ७ समाचारको अधि, पछि वा विचमा भुक्तानी गर्नेगरी अर्डरगरेमा प्रति ७ पटकको भुक्तानी बापत अन्य ५ समाचारमा १/१ पटकका दरले सोही विज्ञापन सोही दिन निःशुल्क प्रसारण गरिदिन सकिनेछ ।

(ग) बिहान र बेलुका ७ बजे, ९ बजे, दिउंसो ३ बजे र अन्य ५ गरी दैनिक १० समाचारको अधि, पछि वा विचमा भुक्तानी गर्नेगरी अर्डरगरेमा प्रति १० पटकको भुक्तानी वापत अन्य ७ समाचारमा १/१ पटकका दरले सोही विज्ञापन सोहीदिन निःशुल्क प्रसारण गरिदिन सकिनेछ ।

(ङ) कुनै विज्ञापन एजेन्सीले गैर सरकारी वा निजी क्षेत्रको विज्ञापन संकलन गरी ल्याएको खण्डमा यस दफा बमोजिम सःशुल्क वा निःशुल्क प्रसारण हुने विज्ञापनहरू एकभन्दा बढी विज्ञापन दाताको फरक फरक विज्ञापन भए तापनि यस्तो सुविधा प्रदान गर्न सकिनेछ । तर सरकारी क्षेत्रको विज्ञापनको हकमा सःशुल्क र निःशुल्क प्रसारण हुने विज्ञापन एउटै संस्थाको मात्र हुनु पर्नेछ ।

(च) यस दफा बमोजिम निःशुल्क प्रसारणको सुविधा प्रदान गरे पछि दफा (२४) मा व्यवस्था भएको प्याकेज छुट प्रदान गरिने छैन ।

(छ) प्रादेशिक प्रसारणबाट समाचार अगाडि, पछाडि वा बिचमा विज्ञापन प्रसारणका लागि सम्झौता वा अर्डर गरेमा प्रोत्साहन स्वरूप निम्नानुसारको सुविधा प्रदान गर्न सकिनेछः

(१) कुनै एक समाचारमा एक महिनाभन्दा बढी भुक्तानी गर्नेगरी सम्झौता वा अर्डर गरेमा सोही प्रदेशको प्रसारणमा दिनमा २ पटक थप निःशुल्क प्रसारण सुविधा उपलब्ध गराउन सकिनेछ ।

(२) कुनै एक समाचारमा तीन महिनाभन्दा बढी भुक्तानी गर्नेगरी सम्झौता वा अर्डर गरेमा सोही प्रदेशको प्रसारणमा दिनमा ४ पटक थप निःशुल्क प्रसारण सुविधा उपलब्ध गराउन सकिनेछ ।

## २३. वर्गीकृत समय बिक्री :

(क) विहान ए समयको प्रचलित दररेट बमोजिम विज्ञापन शुल्क बुझाउने गरीविज्ञापन प्रसारण गर्ने विज्ञापनदाता तथा विज्ञापन एजेन्सीहरूलाई सी, डी समयमा प्रोत्साहन स्वरूप प्रति पटक भुक्तानी वापत थप ३ पटकका दरले सोही विज्ञापन निःशुल्क प्रसारण गरिनेछ । यो

सुविधा प्राप्त गर्नको लागि विज्ञापन दाताले कम्तिमा ३० पटकको भुक्तानी हुनेगरी अर्डर गर्नु पर्नेछ ।

(ख) यस दफा बमोजिम नि:शुल्क प्रसारणको सुविधा प्रदान गरे पछि दफा (२४) मा व्यवस्था भएको प्याकेज छुट प्रदान गरिने छैन ।

(ग) रेडियो नेपालको Digital Platform (जस्तै अनलाइन पोर्टल, OTT आदि) मा सूचना तथा विज्ञापन प्रकाशन/प्रसारण गर्दा लाग्ने शुल्कको दररेट अनुसूचि (३) बमोजिम हुनेछ । साथै सुविधा सम्बन्धी अन्य व्यवस्था देहाय बमोजिम हुनेछ :

१. रेडियो नेपालको डिजिटल प्लाटफर्म (Digital Platform)का लागि जुनसुकै क्षेत्रको सूचना वा विज्ञापन खोजी ल्याउने विज्ञापन एजेन्सी अथवा कुनै व्यक्तिलाई तोकिएको दररेटमा २५% छुट दिन सकिनेछ । यस्तो छुट दिएपछि परिच्छेद ३ को ७ अनुसार दिइने एजेन्सी कमिशन बापत्को छुट उपलब्ध गराइने छैन ।

२. डिजिटल प्लाटफर्म (Digital Platform)जस्तै: अनलाइन न्यूज पोर्टल, OTT आदिमा प्राप्त हुने विज्ञापनका लागि अग्रिम भुक्तानी गरेमा सो बापत १० प्रतिशत छुट दिइनेछ ।

३. यस निर्देशिकाको दफा ८ बमोजिमको अतिरिक्त कमिशन (बोनस) सम्बन्धी सुविधा डिजिटल प्लाटफर्म (Digital Platform)मा प्राप्त हुने विज्ञापनको हकमा पनि लागु हुनेछ ।

४. रेडियो नेपालको तर्फबाट उत्पादन गरी प्रसारण भएका प्रयोजित कार्यक्रम रेडियो नेपालको डिजिटल प्लाटफर्म (Digital Platform)मा Upload गर्न सकिनेछ । अन्य कार्यक्रमको हकमा कार्यकारी निर्देशकको स्वीकृति बमोजिम हुनेछ ।

५. एक वर्षको अवधिमा रेडियो नेपालको केन्द्रीय तथा प्रादेशिक प्रसारणमा विज्ञापन वा कार्यक्रम उपलब्ध गराउने सरकारी, गैरसरकारी वा निजी संघसंस्था, फर्म, उद्योग वा कम्पनीलाई स्थान उपलब्ध भएसम्म निम्न बमोजिमको प्रतिशतले हुन आउने रकम सम्मको विज्ञापन तथा कार्यक्रम सोही सम्झौता अवधि भित्र डिजिटल प्लाटफर्म (Digital Platform)मा प्रोत्साहन स्वरुप निशुल्क प्रकाशन गरिदिन सकिने छ । विज्ञापन एजेन्सी मार्फत प्राप्त विज्ञापन तथा कार्यक्रमको हकमा जुन निकाय वा संघसंस्था वा कम्पनीको विज्ञापन प्रसारण भएको हो सोही निकाय वा संघसंस्था वा कम्पनीको विज्ञापनमात्र डिजिटल प्लाटफर्ममा प्रकाशन गरिदिन सकिने छ ।

- रु. ३ लाख देखि १० लाखसम्मको कारोबार गर्नेलाई कारोबार रकमको १०% बरावर ।
- रु. १० लाख १ देखि १५ लाखसम्मको कारोबार गर्नेलाई कारोबार रकमको १२% बराबर ।
- रु. १५ लाख १ देखि २५ लाखसम्मको कारोबार गर्नेलाई कारोबार रकमको १५% बराबर ।
- रु. २५ लाख १ देखि माथिको कारोबार भए २०% बरावर ।

६. डिजिटल प्लाटफर्म (Digital Platform) मा प्रकाशित गर्न विज्ञापन वा कार्यक्रमको डिजाइन कार्यक्रम वा विज्ञापानदाता स्वयम्ले नै उपलब्ध गराउनु पर्नेछ ।

**२४. कारोबार रकमको आधारमा दिईने छुट सुविधा :**

कुनै सरकारी, गैर सरकारी वा निजी क्षेत्रबाट संचालनहुने **"सूचना, समाचार तथा जनचेतनामूलक कार्यक्रम"** र सरकारी निकायको विज्ञापन बाहेक रेडियो नेपालको केन्द्रीय र प्रादेशिक प्रसारण कार्यालय/प्रसारण केन्द्रहरूबाट प्रसारण हुने अन्य क्षेत्रका विज्ञापन वा मनोरञ्जनात्मक कार्यक्रम

प्रायोजन गरी बढीमा एक वर्षको अवधिमा देहायको रकम कारोबार गर्नेगरी सम्झौता गर्ने विज्ञापनदाता वा विज्ञापन एजेन्सीहरूलाई निम्न अनुसारको छुट दिइनेछ ।

(क) केन्द्रीय प्रसारणको हकमा

१. २ लाख १ भन्दा माथि २%
२. ५ लाख १ भन्दा माथि ५%
३. १० लाख १ भन्दा माथि १०%
४. १५ लाख १ भन्दा माथि १५%
५. २० लाख १ भन्दा माथि २०%
६. ३५ लाख १ भन्दा माथि २५%

(ख) प्रादेशिक प्रसारण कार्यालय/प्रसारण केन्द्रहरूको हकमा:

१. रु. ५० हजार १ भन्दा माथि ५%
२. रु. १ लाख ५० हजार १ भन्दा माथि १०%
३. रु. ३ लाख १ भन्दा माथि १५%

(ग) यस दफा बमोजिम प्याकेज छुट लिने गरी सम्झौता गरेको कुनै विज्ञापन एजेन्सीले दफा (७) बमोजिमको कमिशन पाउने किसिमको कुनै सरकारी विज्ञापन वा कार्यक्रम प्रायोजन गरी ल्याएको खण्डमा त्यसबाट प्राप्त हुने रकम सम्झौता बमोजिमको कूल कारोबार रकममा जोडिनेछ तर बुंदा (क) र (ख) मा उल्लेख भए बमोजिमको अतिरिक्त प्याकेज छुट भने पाउने छैन ।

(घ) कुनै विज्ञापन एजेन्सी वा अन्य विज्ञापन दाताले यस दफा बमोजिमको कारोबार रकमको आधारमा छुट पाउने गरी सम्झौता गरेमा त्यसरी हुन जाने छुट सम्मको रकम बराबरी नगद धरौटी वा बैंक ग्यारेन्टी राख्नु पर्नेछ ।

(ङ) यस दफा प्रयोजनको लागि कुनै एक विज्ञापनदाताले देशभर प्रचार प्रसार गर्ने उद्देश्यले एकैपटक केन्द्रीय एवं प्रादेशिक प्रसारण कार्यालय/प्रसारण केन्द्रको लागि अर्डर गरेमा केन्द्रीय प्रसारणकै कारोबार अन्तर्गत समावेश गर्न सकिनेछ ।

(च) यस दफा बमोजिमको छुट हिसाब गर्दा फरक रकमको सिमा बमोजिम अलग अलग प्रतिशत गणना गरिने छ ।

## परिच्छेद ७
## छुट, प्रोत्साहन तथा सहकार्य सम्बन्धी व्यवस्था

**२५. प्रसारण शुल्कमा छुट दिन र सहकार्य गर्न सकिने:**

(क) साप्ताहिक रूपमा केन्द्रीय प्रसारणबाट घटीमा ४५ मिनेट र प्रादेशिक प्रसारणबाट ३० मिनेट कार्यक्रम प्रसारण गर्ने सरकारी वा गैरसरकारी वा निजी संघसंस्थालाई स्वीकृत दररेट बमोजिमको प्रसारण शुल्कमा कार्यकारी निर्देशकले १० प्रतिशतसम्म छुट दिन सक्नेछ ।

(ख) छुट्टै दररेट निर्धारण भएका अन्तरसम्वाद, अखबार जस्ता समाचारमुलक अन्तर्क्रियात्मक कार्यक्रमहरूको शुरू, बीच वा अन्त्यमा प्रसारणहुने विज्ञापनमा विज्ञापनदाता वा एजन्सीलाई कार्यकारी निर्देशकले २५% सम्म छुट दिन सक्नेछ । तर यस्तो छुट दिएपछि यस निर्देशिकाको परिच्छेद ६ दफा (२४) अनुसारको कारोबार रकमको आधारमा छुट सुविधा उपलब्ध गराईने छैन ।

(ग) कुनै विज्ञापन, सूचना वा मनोरञ्जनात्मक कार्यक्रम रेडियो नेपालमा सिधै प्राप्तभएको खण्डमा त्यस्तो विज्ञापन वा कार्यक्रम, विज्ञापन एजेन्सी मार्फत प्राप्त हुंदा सामान्यतया दफा ७ र ११ बमोजिम हुनजाने छुट सम्मको रकम कार्यकारी निर्देशकले निर्णय गरी सम्बन्धित संस्थालाई छुट प्रदान गर्न सक्नेछ ।

(ङ) कुनै प्रत्यक्ष प्रसारण शुल्कमा थपघट गर्नुपरेमा वा रेडियो नेपाल समेतको सहभागितामा आयोजनामा गरिने कार्यक्रमको प्रत्यक्ष प्रसारणको प्रायोजन शुल्क निर्धारण गर्नु परेमा वा यस्तो प्रत्यक्ष प्रसारणमा प्रायोजकका विज्ञापनहरू प्रसारण गर्नु परेमा कार्यकारी निर्देशकले निर्णय गरी तोके बमोजिम हुनेछ ।

(च) रेडियो नेपाललाई आवश्यक पर्ने विभिन्न बस्तु तथा सेवा प्राप्त गर्न कुनै मिडिया हाउस, विज्ञापन एजेन्सी तथा अन्य संघसंस्थासंग सहकार्य गर्न र वस्तु तथा सेवा विनिमय (बार्टर) गर्न सकिनेछ । त्यस्तो सहकार्यमा रु. ३० लाख रकमसम्म कार्यकारी निर्देशक र सो भन्दा माथि समितिको स्वीकृतिमा सम्झौता गरी सहकार्य वा बस्तु विनिमय गर्न सकिनेछ । यसरी भएको सहकार्य वा विनिमयमा दुबैपक्षबाट अधिक्तम छुट सहित बिलिङ गरिनेछ ।

(छ) रेडियो नेपालको प्रवर्द्धन गर्ने सन्दर्भमा कुनै पनि संघ संस्थाले आयोजना गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रमको मिडिया पार्ट्नर बन्न चाहेमा समितिलाई प्रत्यक्ष आर्थिक दायित्व नपर्ने गरी मिडिया पार्ट्नर बन्न सकिने छ । यस सम्बन्धमा रेडियो नेपाले गर्ने प्रसारण सेवाको योगदानको सम्बन्धमा कार्यकारी निर्देशकले निर्णय गरे बमोजिम हुनेछ ।

(ज) कार्यक्रम तथा विज्ञापन उत्पादन प्रसारण सम्झौता गर्दा कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्न र सम्झौताका प्रावधान कार्यान्वयन गर्ने सम्बन्धमा दुवै पक्षबाट प्रतिनिधित्व हुनेगरी कार्यक्रम अनुगमन तथा मूल्याङ्कन उपसमिति (Joint Steering Sub-Committee) को व्यवस्था गर्न सकिनेछ ।

**२६. थप प्रसारण, पुन प्रसारण वा निःशुल्क प्रसारण गर्न सकिने:**

(क) नेपाल सरकारका मन्त्रालय, विभाग, कार्यालय, समिति, संस्थान आदि बाट प्राप्त हुने वार्षिक रु. २ लाख भन्दा माथिको विज्ञापन वा सूचना प्रसारणको लागि सम्बन्धित निकायबाट सिधै प्राप्त हुन आएमा कार्यकारी निर्देशकको स्वीकृतिमा सामान्यतया प्रचलित दररेटमा २५ प्रतिशतसम्म रकम बरावरको थप विज्ञापन प्रसार गर्नदिन सकिनेछ । प्रादेशिक प्रसारण कार्यालय/प्रसारण केन्द्रहरूको हकमा रु.२५ हजार भन्दा माथिको विज्ञापन वा सूचना प्रसारणको लागि सम्बन्धित निकायबाट सिधै प्राप्त हुन आएमा कार्यालय प्रमुखको स्वीकृतिमा सामान्यतया प्रचलित दररेटमा २५ प्रतिशतसम्म रकम बरावरको थप विज्ञापन प्रसार गर्न दिन सकिनेछ ।

(ख) समाज सेवाको क्षेत्रमा समर्पित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्था र नियोगहरूबाट समितिमा सिधै वार्षिक ३ लाख भन्दा माथिको विज्ञापन कारोबार गरेमा प्रचलित दररेटमा २५ प्रतिशत सम्मको रकम वरावरको थप विज्ञापन प्रसार गर्न दिन सकिनेछ । प्रादेशिक प्रसारण कार्यालयको हकमा रु. ५० हजार भन्दा माथिको कारोबार गरेमा प्रचलित दररेटमा २५ प्रतिशत सम्मको रकम बरावरको थप विज्ञापन प्रसारण गर्न दिन सकिनेछ ।

(ग) प्रादेशिक प्रसारणमा विज्ञापन एजेन्सी वाहेक अन्य व्यक्ति वा संघसंस्थाहरूबाट कम्तिमा तीन पटक वा सो भन्दा बढी विज्ञापन वा कार्यक्रम प्रसारण गरेमा सोही विज्ञापन वा कार्यक्रम शृङ्खला थप एक पटकका दरले निःशुल्क प्रसारण गर्नदिन सकिने छ ।

(घ) रेडियो नेपालमा निरन्तर रूपमाशुल्क तिरी **"सूचना, समाचार तथा जनचेतनामूलक कार्यक्रम"** सञ्चालन गर्दै आएका कुनै संघसंस्थाहरूलाई त्यस्ता संस्थाको विशेष अवसरमा थप कार्यक्रम प्रसारण गर्न अनुरोध प्राप्त भएमा कार्यकारी निर्देशकले निर्णय गरी एक वर्षमा बढीमा दुईवटासम्म कार्यक्रम निःशुल्क प्रसारण गरिदिन सकिनेछ ।

(ङ) एक वर्षमा ३०० श्रृङ्खलासम्मको शुल्क तिरी **"सूचना, समाचार तथा जनचेतनामूलक कार्यक्रम"** संञ्चालन गर्ने भएमा रेडियो नेपालले उपयुक्त सम्झेको समयमा त्यस्तो कार्यक्रमको पुनः प्रसारण वा सो संख्या बराबरका कार्यक्रम प्रसारण गरिदिन सकिनेछ ।

(च) १६ वर्ष मुनि वा ६० वर्ष भन्दा माथि र मानसिक सन्तुलन ठीक नभएका वा दृष्टि विहिन वा सुस्त मनस्थितिका मानिस हराएको सूचना नेपाल प्रहरीको सिफारिसको आधारमा ४ पटकसम्म निःशुल्क प्रसारण गरिनेछ । अन्यको हकमा एक पटकको शुल्कलिई थप एक पटक निःशुल्क प्रशारण गरिदिन सकिनेछ ।

(छ) सामाजिक र चेतनामूलक सन्देश तथा विज्ञापन प्राथमिकताका साथ प्रसारण गर्नु रेडियो नेपालको समेत दायित्व भएको हुंदा यस्ता सन्देश विज्ञापनदाताले तिरेको शुल्क वापत् गरिने प्रसारणका अतिरिक्त रेडियो नेपालको तर्फबाट इ समयमा निःशुल्क प्रसारण गर्न सकिनेछ ।

(ज) राष्ट्रिय विपत्ति, प्राकृतिक प्रकोप जस्ता समयमा चेतना जगाउने, नागरिकको जीवन रक्षा गर्ने, सामाजिक वा सन्देशमूलक सार्वजनिक हितमा जारी हुने सन्देशको हकमा दररेट अनुसारको शुल्क तिरी प्रसारण भइसकेको सामग्रीमा थप सहुलियतको लागि कार्यकारी निर्देशकको स्वीकृतीमा आवश्यकता अनुसार सोही सन्देश निःशुल्क प्रसारण गर्न सकिनेछ ।

(झ)रेडियो नेपालको तर्फबाट उत्पादन गरी प्रसार गरिने प्रायोजित कार्यक्रम निजी तथा सामुदायिक प्रसारण माध्यम (FM Radio) बाट पनि प्रसार गर्न रेडियो नेपालले सम्झौता गर्न सक्नेछ । यसरी सम्झौता गर्दा प्रायोजकबाट निजी तथा सामूदायिक प्रसारण माध्यमलाई प्रदान गर्दा लाग्ने शुल्क रेडियो नेपाल र सम्बन्धित प्रसारण माध्यम (FM Radio) बीचको सहमतीमा तय गरिनेछ ।

(ञ) राष्ट्रिय वा अन्तर्राष्ट्रिय दिवस तथा पर्वका अवसरमा सम्माननीय राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सञ्चार तथा सूचना प्रविधि मन्त्री र रेडियो प्रसार सेवा विकास समितिका अध्यक्षले रेडियो नेपाल मार्फत दिने सन्देशको शुल्क लाग्ने छैन ।

(ट) **"सूचना, समाचार तथा जनचेतनामूलक कार्यक्रम"** प्रायोजन तथा विज्ञापन प्रसारण गरे वापत वार्षिक रु. १५ लाख भन्दा बढी रकम उपलब्ध गराउने सरकारी वा सरकारी स्वामित्वको संघ संस्थाले विभागीय मन्त्री, सचिव अथवा प्रमुखमध्ये एक जनाको सन्देश प्रसारणका लागि अनुरोध गरेमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसका सन्दर्भमा बढीमा ३ मिनेटसम्मको सन्देश वर्षको २ पटक सम्म निःशुल्क प्रसारण गरिनेछ ।

(ठ) बुँदा (ञ) र (ट) बाहेक अन्यका शुभकामना सन्देश प्रसारणको हकमा नियमानुसारको शुल्क लाग्नेछ ।

**२७. प्रोत्साहन सम्बन्धी व्यवस्थाः**

(क) शुभकामना विज्ञापन संकलन गर्ने कार्यमा संलग्नजनशक्तिलाई प्राप्त रकमको १५% रकम प्रोत्साहन स्वरूप वितरण गर्न सकिनेछ ।

(ख) विज्ञापन उत्पादन शुल्कको प्राप्त रकम मध्ये ४० प्रतिशतसम्म रकम उत्पादन समुहलाई वितरण गरिनेछ ।

(ग) निजी क्षेत्रको सूचना वा विज्ञापन व्यक्तिगत पहलमा रेडियो नेपाललाई सिधै उपलब्ध गराई अग्रिम नगद भुक्तानी गरेमा २०% रकम प्रोत्साहन स्वरूप उपलब्ध गराइनेछ ।

(घ) रेडियो नेपाल मार्फत विज्ञापन तथा कार्यक्रम प्रसारण गर्ने विज्ञापन वा कार्यक्रम दाताहरूलाई दफा २३(ग) को ५ बमोजिम प्रोत्साहन सुविधा समेत उपलब्ध गराइनेछ ।

(ङ) रेडियो नेपालले उत्पादन गर्ने प्रायोजित कार्यक्रमलाई प्रायोजकको आवश्यकता अनुसार संवादमूलक वा परिसंवादमूलक ढांचामा उत्पादन गर्न सकिने छ । त्यस्ता कार्यक्रममा सहभागी अतिथी विज्ञलाई पारिश्रमिक तथा यातायात खर्च प्रायोजकले उपलब्ध गराउने गरी कार्यक्रम उत्पादन सम्झौता गर्न सकिनेछ । सम्झौता बमोजिम प्राप्त रकममा नियमानुसार करकट्टी गरी सम्बन्धितलाई उपलब्ध गराउन सकिनेछ ।

(च) रेडियो नेपालको मुखपत्र झङ्कारमा प्रकाशन गरिने सूचना/विज्ञापन तथा शुभकामना सन्देश संकलन गरी ल्याउने कर्मचारी वा अन्य व्यक्तिलाई वा लेख रचनाका लेखक, सम्पादन तथा प्रकाशन समूहलाई दिइने प्रोत्साहन सुविधा तथा पारिश्रमिक व्यवस्थापनले निर्णय गरे अनुसार हुनेछ ।

**२८. कार्यक्रम उत्पादन कार्यमा संलग्न जनशक्तिलाई प्रोत्साहन :**

रेडियो नेपालमा उत्पादन शुल्क प्राप्त भएका कार्यक्रमको उत्पादन कार्यमा संलग्न कर्मचारी वा वाह्य जनशक्ति (जस्तैः स्कृप्ट लेखक, संयोजक, प्राविधिक, प्रस्तोता एवं सहयोगी आदि) लाई प्रोत्साहन स्वरुप प्राप्त उत्पादन शुल्कको वढिमा ४० प्रतिशतसम्म रकम कार्यकारी निर्देशकले उपलब्ध गराउन सक्नेछ ।

**२९. एकमूष्ठ रकम लिन सकिने :**

यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भए तापनि रेडियो नेपालसंग सिधै कारोबार गर्न कुनै विज्ञापन वा कार्यक्रमदाताले प्रसारण अवधि वा संख्या तोकी कार्यक्रम वा विज्ञापन प्रसारण गरिदिन प्रस्ताव गरेमा समितिलाई प्राप्तहुने जम्मा रकम, कार्यक्रमको स्तरीयता, श्रोतामांझ रेडियो नेपालको लोकप्रियता बृद्धि हुन सक्ने सम्भावना तथा रेडियो नेपालको राष्ट्रिय दायित्व निर्वाहको विषय आदि समेत विचार गरी व्यापार महाशाखा प्रमुख र सम्बन्धित नायव कार्यकारी निर्देशकको सिफारिसमा प्रचलित दररेट भन्दा ४० प्रतिशतसम्म घटी रकम भएपनि कार्यकारी निर्देशकले निर्णय गरी त्यस्तो कार्यक्रम वा विज्ञापन प्रसारणको व्यवस्था मिलाउन सक्नेछ । प्रादेशिक प्रसारण कार्यालयको हकमा कार्यक्रम, लेखा र विज्ञापन हेर्ने कर्मचारीको सिफरिसमा प्रादेशिक कार्यालयका प्रमुखले निर्णय गरी यो सुविधा उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद ८
## विविध

**३०. सम्झौता र प्रसारण समय विभाजन गर्न सकिने:**

(क) रेडियो नेपालले कुनै पनि सरकारी वा अर्ध सरकारी निकाय, नीजि संघसंस्था, कम्पनी वा गैरसरकारी संस्था वा व्यक्ति विषेशसँग समितिको आयआर्जन बृद्धि गर्नको लागि आफ्नो प्रसारण समयमा विज्ञापन सन्देश, कार्यक्रम प्रायोजन तथा डिजिटल प्लाटफर्म मार्फत प्रकाशन तथा प्रसारण वा वस्तु तथा सेवा विनिमय गर्नेगरी दुईपक्षीय सम्झौता गर्न सक्नेछ ।

(ख) रेडियो नेपालको कुल प्रसारण समय वा निश्चित समयमा प्रसारण हुने समाचार वा कार्यक्रमहरूलाई समय वा विषयवस्तुको आधारमा वर्गिकृत (slot/ segment) गरी वा डिजिटल प्लाटफर्म मार्फत प्रकाशन तथा प्रसारण गर्नेगरी व्यापारिक प्रयोजनको लागि छुट्टाछुट्टै दररेट निर्धारण गर्न सकिनेछ । यस निर्देशिकामा उल्लेख नभएको समय परिभाषित (slot/ segment) गरी शुल्क निर्धारण गर्नु परेमा सो समय वा स्थानको विद्यमान शुल्कलाई आधार मानी सोसंग मिल्ने गरी कार्यकारी निर्देशकले निर्णय गरी शुल्क निर्धारण गर्न सक्नेछ ।

(ग) यस निर्देशिका बमोजिमका कार्यक्रम तथा विज्ञापन उत्पादन/प्रसारण वा अन्य विषयमा प्रादेशिक प्रसारणको हकमा रु.१५ लाख सम्मको सम्झौता प्रादेशिक कार्यालयका प्रमुखले गर्न सक्नेछन् । अन्यको हकमा कार्यकारी निर्देशकले तोके बमोजिम हुनेछ ।

**३१. बोलपत्र गरी समय वा कार्यक्रम विक्रि गर्न सकिनेः**

समितिको कुनै पनि प्रसारण समय वा कार्यक्रम आम्दानी प्राप्तगर्ने उद्देश्यले आवश्यक कार्यविधि तय गरी बोलपत्र आव्हान गरी कुनै विज्ञापन एजेन्सी वा निजी संस्थालाई विक्रि गर्न सकिनेछ ।तर वार्ता वा प्रस्तावद्वारा कुनै विज्ञापन वा कार्यक्रम प्राप्तगर्न यस दफाले वाधा पुऱ्याउने छैन ।

**३२. समितिको उधारो नियन्त्रणः**

(क) व्यापारिक कारोबारको भुक्तानी ताकेता गर्ने, भुक्तानी लिने, अभिलेख राख्ने र उधारो नियन्त्रणको प्रमुख कर्तव्य व्यापार तथा आर्थिक प्रशासन महाशाखा दुबैको हुनेछ ।

(ख) मासिक रूपमा सुपरिवेक्षण गरी उधारो नियन्त्रणमा सजगता अपनाउनु समितिका आर्थिक प्रशासन महाशाखा र व्यापार महाशाखा प्रमुखको जिम्मेवारी हुनेछ ।

**३३. अनसुचि, फाराम एवं प्रमाणपत्र सम्बन्धी व्यवस्थाः**

बजार व्यवस्थापन सम्बन्धी काम व्यवस्थित एवं पारदर्शी गर्न व्यापार महाशाखाको सिफारिसमा कार्यकारी निर्देशकले आवश्यकता अनुसार यस निर्देशिकाको अनुसूचिहरू थप गर्ने, फाराम एवं प्रमाणपत्रहरूको ढाँचा परिमार्जन एवं संशोधन गर्ने तथा अभिलेखलाई व्यवस्थित गर्न कम्प्युटर प्रोग्रामिङ गरी लागु गर्न सक्नेछ । तर अनुसूचि (१), (२) र (३) को हकमा सञ्चालक समितिले स्वीकृत गरे बमोजिम हुनेछ ।

**३४. कार्यकारी निर्देशकले स्वविवेकीय अधिकार प्रयोग गर्न सक्नेः**

यस निर्देशिकामा नपरेका कुराहरूको हकमा तत्काल निर्णय गर्नु परेमा निर्देशिकाको अन्य दफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकले संचालक समितिबाट पछि समर्थन गराउने गरी आफ्नो स्वविवेकीय अधिकार प्रयोग गर्न सक्नेछ ।

**३५. सञ्चालक समितिमा अधिकार रहनेः**

(क) यस निर्देशिकाको संशोधन वा व्याख्या गर्ने वा यस निर्देशिकामा नसमेटिएका अन्य विषयको सम्बन्धमा सञ्चालक समितिले निर्णय गरे बमोजिम हुनेछ ।

**३६. खारेजी र बचाउः**

(क) यस निर्देशिका लागु भएपछि रेडियो प्रसार सेवा विकास समिति, व्यापार निर्देशिका २०६९ खारेज हुनेछ ।

(ख) यस निर्देशिका प्रारम्भ हुनु अगाडि रेडियो प्रसार सेवा विकास समिति व्यापार निर्देशिका २०६९ बमोजिम भए गरेका काम कारवाहीहरू यसै निर्देशिका बमोजिम भए गरेका मानिने छन् तर यस निर्देशिका लागु हुनु भन्दा अगाडि नै सम्झौता गरी कारोबार गरिरहेका विज्ञापन वा कार्यक्रमदाताहरूको हकमा सो सम्झौताको अवधि समाप्त नभएसम्म सोही बमोजिम नै हुनेछ ।

३७. अनुसूचि :

(क) अनुसूची (१): प्रसारण शुल्क/दररेट

(ख) अनुसूची (२): उत्पादन शुल्क र अन्य शुल्कहरू

(ग) अनुसूची (३): डिजिटल प्लाटफर्म (Digital Platform)/अनलाईनमा विज्ञापन दररेट

(घ) अनुसूची (४): रेडियो नेपालले प्रदान गर्ने एजेन्सी दर्ता प्रमाणपत्र ।

(ङ) अनुसूचि (५) : विज्ञापन/सूचना प्रसारण प्रमाणपत्र ।

(च) अनुसूचि (६) : कार्यक्रम प्रसारण प्रमाणपत्र ।

## अनुसूची (१)

## विज्ञापन/ कार्यक्रम प्रसारण दररेट

**(क) "सुचना, समाचारमुलक तथा जनचेतनामुलक कार्यक्रम" प्रसारण शुल्क/ धार्मिक वा समाचारमूलक कार्यक्रम प्रायोजन शुल्क:**

| समय | "सुचना, समाचारमुलक तथा जनचेतनामुलक कार्यक्रम" प्रतिमिनेट (रु.) | धार्मिक वा समाचारमूलक कार्यक्रम प्रायोजन शुल्क (रु.) | | |
|---|---|---|---|---|
| | | कार्यक्रमको नाम | प्रति मिनेट | एफसीटी |
| बिहान ५.०० देखि ६.०० बजेसम्म | ३०० | धार्मिक | ७५ | ३ मिनेट |
| बिहान ६.०० देखि ७.०० बजेसम्म | ८०० | अखवार/ अन्तरसम्वाद | १३० | ३ मिनेट |
| बिहान ७.०० देखि ९.०० बजेसम्म | ९०० | समाचारमूलक वा अन्तरक्रियात्मक | १३० | ३ मिनेट |
| बिहान ९.०० देखि ११.०० बजेसम्म | ७०० | | | |
| विहान ११.०० देखि दिउंसो १.०० बजेसम्म | ५०० | | | |
| दिउसो १.०० देखि सांझ ६.०० बजेसम्म | ७०० | | | |
| साँझ ६.०० देखि ७.०० बजेसम्म | ८०० | | | |
| साँझ ७.०० देखि ८.०० बजेसम्म | ९०० | | | |
| साँझ ८.०० देखि ९.०० बजेसम्म | ८०० | | | |
| साँझ ९.०० देखि १०.०० बजेसम्म | ५०० | | | |
| साँझ १०.०० देखि ११.०० बजेसम्म | ३०० | | | |
| राति ११.०५ देखि बिहान ५.०० सम्म | ७५ | | | |

**(ख) समयको वर्गिकरण र विज्ञापन प्रसारण शुल्क :**

| समय वर्गिकरण | समयको नाम | प्रति मिनेट |
|---|---|---|
| बिहान ५.०० देखि ११.०० बजेसम्म | ए समय | रु १,८०० |
| बेलुका ५.०० देखि ९.३० बजेसम्म | बि समय | रु १,५०० |
| दिउसो ११.०० देखि ५.०० बजेसम्म | सी समय | रु १,२०० |
| राती ९.३० देखि ११.०० बजेसम्म | डी समय | रु ९०० |
| राती ११.०५ देखि बिहान ५.०० बजेसम्म | इ समय | रु.२०० |

**(ग) मनोरञ्जनप्रद कार्यक्रम प्रायोजन शुल्क र FCT समय**

| कार्यक्रम अवधि | मनोरञ्जनात्मक कार्यक्रम प्रायोजन शुल्क | | | | | एफसीटी | मनोरञ्जनात्मक कार्यक्रमः समय खरिद (दफा १९ (ज) को प्रयोजनको लागि) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ए समय रु. | बी समय रु. | सी समय रु. | डी समय रु. | इ समय रु. | | | | |
| १५ मिनेट | ४६०० | ४००० | ३५०० | २५०० | ५०० | ३ मिनेट | सी समय | डी समय | इ समय |
| ३० मिनेट | ८५०० | ७००० | ६००० | ४००० | १००० | ६ मिनेट | प्रति मिनेट | प्रति मिनेट | प्रतिमिनेट |
| ६० मिनेट | १५००० | १२००० | १०००० | ७००० | १५०० | १२ मिनेट | रु. २५० | रु. १७५ | रु. ७५ |

(घ) "सूचना, समाचारमूलक तथा जनचेतनामूलक कार्यक्रमूमा विज्ञापन प्रसारण शुल्क:

| समाचाररकार्यक्रम | प्रतिमिनेट विज्ञापन प्रसारण शुल्क | | |
|---|---|---|---|
| | अघि | बीचमा | पछि |
| विहान र बेलुका ७ बजेको समाचार | रु ५,७०० | रु ६,००० | रु ४,२०० |
| विहान र बेलुकी ९ बजे र दिउसो ३ बजेको समाचार | रु ४,२०० | रु ४,५०० | रु ३,००० |
| अन्य समाचार | रु २,४०० | रु ३,००० | रु २,१०० |
| अखवार कार्यक्रम | रु २,४०० | रु ३,००० | रु २,४०० |
| अन्य समाचारमुलक वा अन्तर्क्रियात्मक कार्यक्रम | रु ४,२०० | रु ४,५०० | रु ३,००० |

(ङ.) समयसुचक (Time check) (अवधि५सेकेण्ड)/ यस समाचारको साथमा

(अ) समय सूचक/यस समाचारका साथमा

| समाचार समय | ३ महिना | ६ महिना | १ वर्ष |
|---|---|---|---|
| विहान र बेलुकी ७ बजे | रु ७५,००० | रु १,२५,००० | रु २,००,००० |
| विहान र बेलुकी ९ बजे र दिउसो ३ बजेको समाचार | रु ४०,००० | रु ७५,००० | रु १,४०,००० |
| अन्य समाचार | रु २५,००० | रु ४०,००० | रु ७०,००० |

(आ) 'समय सूचक' र 'यस समाचारको साथमा' १० सेकेण्डसम्म दिन सकिनेछ। सो वापत लाग्ने शुल्क यसैको आधारमा हिसाब गरिनेछ।

(च) परिसंवाद कार्यक्रम एवं विशेष कार्यक्रम प्रसारण शुल्क:

| केन्द्रीय प्रसारण | प्रदेश प्रसारण |
|---|---|
| प्रति मिनेट रु. १,२००/- | प्रति मिनेट रु. ४००/- |

(छ) प्रादेशिक प्रसारण कार्यालय धनकुटा, बर्दिवास, काठमाडौं, पोखरा, दाङ, सुर्खेत र दिपायल:

१. समाचारको अघि, पछि वा बीचमा विज्ञापन प्रसारण शुल्क:

| समाचारहरु | प्रति मिनेट विज्ञापन प्रसारण शुल्क | | | टाइमचेक (अवधि ५सेकेण्ड) | | |
|---|---|---|---|---|---|---|
| | अघि | बीचमा | पछि | प्रति पटक | ६ महिना | १ वर्ष |
| सबै समाचार | रु १,२०० | रु १,४०० | रु १,००० | रु १०० | रु १८,००० | रु ३६,००० |

२. कार्यक्रम र विज्ञापन प्रसारण शुल्क:

| "सुचना, समाचारमुलक तथा जनचेतनामुलक कार्यक्रम" प्रति मिनेट | विशेष कार्यक्रम प्रति मिनेट | मनोरञ्जनप्रद कार्यक्रम प्रायोजन शुल्क र FCT | | साधारण विज्ञापन प्रति मिनेट |
|---|---|---|---|---|
| | | १५ मिनेट/ FCT३ मिनेट | ३० मिनेट/ FCT६ मिनेट | |
| रु. २०० | रु ३५० | रु १,५०० | रु ३,००० | रु. ८०० |

*नोट*

- प्रत्यक्ष रुपमा प्रसारण गरिने सुचना तथा सन्देश पनि अवधि अनुसार प्रसारित समयको विज्ञापन दररेट अनुसार बिलिंङ गरिनेछ।
- विज्ञापन तथा सन्देश न्यूनतम १५ सेकेण्ड हुनुपर्नेछ। तत्पश्चात औसतमा ५/५ सेकेण्डको अन्तर रहने गरी बिलिङ्ग गरिनेछ।

## अनुसूची (२)

### उत्पादनशुल्क र अन्य शुल्कहरू

**१. सुचना, समाचारमुलक तथा जनचेतनामुलक कार्यक्रम, विशेष कार्यक्रम र परिसम्वाद कार्यक्रम उत्पादन शूल्क:**

(क) कार्यक्रमको प्रकृति हेरी रु. ६०००/- देखि रु. ५०,०००/- सम्म हुन सक्नेछ ।

(ख) प्रादेशिक प्रसारण केन्द्रको हकमा प्रति कार्यक्रम रु. २,०००/- देखि रु. ५०,०००/- सम्म ।

**२. मनोरञ्जनात्मक कार्यक्रम उत्पादन शुल्क:**

(क) १५ मिनेट देखि ३० मिनेट सम्मको लागि प्रति कार्यक्रम रु. ५,०००/-

(ख) ४५ मिनेटको कार्यक्रमका प्रति कार्यक्रम रु. ७,०००/-

(ग) प्रादेशिक प्रसारण केन्द्रको हकमा प्रति कार्यक्रम रु. १,५००/- देखि रु. ३,०००/- सम्म

**३. विज्ञापन उत्पादन शुल्क:**

(क) गिती विज्ञापन:

कलाकारको सहभागिता हेरी प्रति विज्ञापन रु. १०,०००/- देखि रु. ५०,०००/-सम्म र प्रादेशिक प्रसारणको हकमा रु. ७,०००/- देखि रु. ५०,०००/- सम्म

(ख) संवादमुलक विज्ञापन:

विज्ञापनको प्रकृति हेरी प्रति विज्ञापन रु. ५,०००/- देखि रु. २०,०००/- सम्म र प्रादेशिक प्रसारण केन्द्रको हकमा रु. २,०००/- देखि रु. २०,०००/- सम्म

(ग) साधारण विज्ञापन:

केन्द्रीय वा प्रादेशिक प्रसारणमा प्रति व्यक्ति रु. १,०००/-

**४. स्डुडियो शुल्क: (केन्द्रीय वा प्रादेशिक)**

(क) साधारण विज्ञापन रेकर्डिङ्ग प्रति विज्ञापन रु. ३००/-

(ख) गीत रेकर्डिङ्ग र जिङ्गल रेकर्डिङ्ग न्युनतम समय १ घण्टाको रु. ५००/- थप प्रति घण्टाको रु. ३००/-

(ग) १५ मिनेटसम्मको कार्यक्रमको रु. ३००/-

(३) ३० मिनेटसम्मको कार्यक्रमको रु. ५००/-

**५. ओ. वि. भ्यान तथा पी. ए. सिस्टम जडान शुल्क:**

(क) न्युनतम समय १ घण्टाको रु.९,०००/-र थप प्रति घण्टा रु. ४,५००/-

(ख) पी. ए. सिष्टम जडान शूल्क रु. ५,०००/- ।

(ग) उपत्यका वाहिर जानु परेमा कर्मचारीको आतेजाते, खाने, बस्ने खर्च लगायत सवारी साधनको इन्धन खर्च सम्बन्धित पक्षले व्यहोर्नु पर्नेछ ।

**६. प्रत्यक्ष प्रसारण शुल्क:**

(क) केन्द्रीय प्रसारणबाट प्रसारण गरिने औद्योगिक मेला, प्रदर्शन, खेलकुद आदिको लागि प्रति घण्टा रु. ५०,०००/- शूल्क लाग्नेछ ।

(ख) कला, संस्कृति, गीतसंगीत, राष्ट्रिय पर्व, धार्मिक तथा सांस्कृतिक मेला आदिको हकमा प्रति घण्टा रु. ३५,०००/- लाग्नेछ ।

(ग) प्रादेशिक प्रसारण कार्यालय/केन्द्रको हकमा प्रति घण्टा रु. १५,०००/- शुल्क लाग्नेछ ।

७. शुभकामना विज्ञापन प्रसारण शुल्कः

(क) विहान वा वेलुकी ७:०० बजेको समाचार अघि १ पटको रु. ३,०००/-

(ख) ए, बी, सी र डी समयमा गरी जम्मा ५ पटक को रु. रु. ३,०००/-

(ग) ए, वि., सी. समयमा ३ पटकको रु. २,०००/-

(घ) प्रादेशिक प्रसारण कार्यालय/केन्द्रको हकमा ३ पटकको रु. ७००/-

८. मानिस हराएको सूचनाः

केन्द्रीय प्रसारणको रु. ४००/- र प्रादेशिक प्रसारण कार्यालय/केन्द्रको लागि रु. १५०/- ।

९. सन्देश प्रसारण शुल्कः

सन्देश प्रसारणमा न्युनतम ५ मिनेटको रु. १०,०००/- र सोभन्दा वढी भएमा प्रति मिनेट रु २,०००/- थप शुल्क लाग्नेछ। प्रादेशिक प्रसारण कार्यालय/केन्द्रको हकमा ५ मिनेटको रु. ३,५००/ र सो भन्दा बढी भएमा प्रतिमिनेट रु. ५००/ थप शुल्क लाग्नेछ ।

## अनुसूचि (३) : डिजिटल प्लेटफर्म/अनलाइन सम्बन्धी दररेट

| | |
|---|---|
| १. रोड ब्लक | रु. १५,०००।- प्रति दिन । |
| २. मुख्य समाचार माथि वारपार | रु. १,००,०००।- प्रति महिना । |
| ३. मुख्य समाचार तल वारपार | रु. ८०,०००।- प्रति महिना । |
| ४. ताजा प्रमुख समाचार माथि वा तल वारपार | रु. ७५,०००।- प्रति महिना । |
| ५. गृह पृष्ठमा जुनसुकै स्थानमा वारपार | रु. ६०,०००।- प्रति महिना । |
| ६. भित्री पेज समाचारमा जुनसुकै स्थानमा | रु. २०,०००।- प्रति महिना । |

अनुसूची (४) :

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
रेडियो प्रसार सेवा विकास समिति
**रेडियो नेपाल**

सि.नं.

# विज्ञापन एजेन्सी दर्ता प्रमाणपत्र

रेडियो नेपालमा विज्ञापन कारोबार गर्न आ.व...........का लागि श्री ......................... लाई दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

.....................
निर्देशक
व्यापार महाशाखा
रेडियो नेपाल

मितिः

(यो प्रमाणपत्र प्रत्येक आर्थिक वर्षमा नविकरण गर्नु पर्नेछ ।)
..........................................................................................

अनुसूचि (५) :

# Radio Broadcasting Service (Radio Nepal)

COMMERCIAL DIVISION

## AFFIDAVIT OF PERFORMANCE

Ref. No.-

Date ..........................

To ..............................................................

..............................................................

We hereby certify that your advertisement has been broadcast in our Commercial Service as mentioned under.

Broadcast for the month of ..................................

| Time | Product | Duration | Fixed |
|---|---|---|---|
| .......................... | .......................... | .......................... | .......................... |
| .......................... | .......................... | .......................... | .......................... |
| .......................... | .......................... | .......................... | .......................... |
| .......................... | .......................... | .......................... | .......................... |
| .......................... | .......................... | .......................... | .......................... |
| .......................... | .......................... | .......................... | .......................... |

| Date / Time | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 | 12 | 13 | 14 | 15 | 16 | 17 | 18 | 19 | 20 | 21 | 22 | 23 | 24 | 25 | 26 | 27 | 28 | 29 | 30 | 31 | 32 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

Total number of broadcast :

..............................................

..............................................

..............................................

Checked by

for: **Radio Broadcasting Service**

अनुसूचि (६) :

कार्यक्रम प्रसारण प्रमाणपत्र

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
रेडियो प्रसार सेवा विकास समिति
**रेडियो नेपाल**

सि.नं.

## कार्यक्रम प्रसारण प्रमाणपत्र

श्री..................
........................

त्यस ....(संस्थाको नाम)... को प्रायोजनमा रेडियो नेपालबाट उत्पादन/प्रसारण भएको देहाय बमोजिमको रेडियो कार्यक्रम रेडियो नेपालबाट प्रसारण भएकोले यस महाशाखाको अभिलेख अनुसार यो प्रमाणपत्र प्रदान गरिएको छ ।

कार्यक्रमको नाम ______________________

कार्यक्रमको अवधि ______________________

प्रसारण वार ______________________

प्रसारण समय ______________________

जम्मा कार्यक्रम संख्या ______________________

...............................
मुख्य कार्यक्रम अधिकृत
कार्यक्रम महाशाखा

....................
प्रमुख
कार्यक्रम महाशाखा

मितिः ................

बैठक नं. ६२०
मिति : २०७७।९।२० गते

निर्णय नं. १

## व्यापार निर्देशिका, २०७७ सम्बन्धमा ।

रेडियो प्रसार सेवा विकास समिति रेडियो नेपालको विध्यमान व्यापार निर्देशिका, २०६९ को नियम तथा अनुसूचीहरुमा विज्ञापन तथा कार्यक्रमको उत्पादन र प्रसारण शुल्कको व्यवस्था भएको र भविष्यमा रेडियो नेपालले Digital Plat-form (Online Portal/OTT) मार्फत समेत विज्ञापन सेवा विस्तार गर्न विज्ञापन उत्पादन, प्रसारण र प्रकासन शुल्कलाई थप व्यवस्थित, प्रतिस्पर्धि र समयानुकुल बनाउने उद्देश्यले व्यवस्थापनबाट तयार पारी पेश भएको रेडियो प्रसार सेवा बिकास समिति (रेडियो नेपाल) व्यापार निर्देशिका, २०७७ रेडियो प्रसार सेवा विकास समिति आर्थिक नियमावली, २०४९ को परिच्छेद ६ को नियम ६.११ मा यी नियमहरुको अधिनमा रही संचालक समितिले आवश्यकतानुसार आन्तरिक कार्यविधि बनाई लागु गर्न सक्नेछ भनी उल्लेख भए वमोजिम निर्णय भएको मिति देखि लागु हुने गरी रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) व्यापार निर्देशिका, २०७७ स्वीकृति दिने निर्णय गरियो ।

निर्णय नं. २

## प्राविधिक २ ग्रेड सम्बन्धमा ।

रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल)मा मिति २०५७०४।०१ गते भन्दा पहिले प्राविधिक पदमा नियुक्ति भै कार्यरत आठौ तह सम्मका प्राविधिक कर्मचारीहरुले खाईपाई आएको प्राविधिक २ (दुई) ग्रेडका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७६।१।१५ मा भएको फैसला/आदेशको कार्यन्वयन गर्न, गराउन नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७६।१०।२७ को निर्णयानुसार मिति २०७३।४।१ पश्चात पाउने १ (एक) दिन तलब बराबरको प्राविधिक २ (दूई) ग्रेड वापत हुने रकम भूक्तानी गर्न लाग्ने थप आर्थिक दायित्व वापतको लागि लाग्ने रकम रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) सञ्चालक समितिको मिति २०७७।४।२६ गतेको निर्णयानुसार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मार्फत अर्थ मन्त्रालयसँग माग भएकोमा रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल)को विनियोजित रकम र स्वःआर्जन समेतबाट तयार गरिएको वार्षिक बजेट भित्रैबाट व्यवस्थापन गर्नुपर्ने सोको लागि थप निकासा दिन नसकिने व्यहोरा मिति २०७७।०६।२० गतेको प.सं. ०७७/७८ स.स.१२ च.नं. १२७ बाट जानकारी प्राप्त हुन आएकोले चालु आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत वार्षिक वजेट भित्र रही २०७७ मंसिर महिना देखि उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३

## बेरुजु फछ्र्यौट सम्बन्धमा ।

यस रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) को केन्द्रीय कार्यालय र मातहत रहेका प्रादेशिक प्रसारण कार्यालय र ट्रान्समिटिङ्ग स्टेशनहरुको अन्तिम लेखापरीक्षणबाट औल्याइएका विभिन्न आर्थिक वर्षको बेरुजु रकमहरु सम्बन्धित निकायबाट फछ्र्यौट गर्नका लागि बेरुजुहरुका सम्बन्धमा नियमित गर्ने आधार र प्रमाण समेत जुटाई यकिन गरी रेडियो प्रसार सेवा विकास समिति सञ्चालक समिति समक्ष पेश गर्ने गरी सञ्चालक समितिका सदस्य श्री रामेश्वर दंगालको संयोजकत्वमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका लेखा प्रमुख, उपसचिव श्री ध्रुव पण्डित र समितिको आर्थिक महाशाखा प्रमुख सदस्य रहने गरी एक महिना भित्र प्रतिवेदन पेश गर्ने गरी एक कार्यदल गठन गर्ने र सो कार्यदललाई सञ्चालक सदस्यले पाए सरहको बढीमा ७ (सात) बैठकको भत्ता उपलव्ध गराउने निर्णय गरियो ।